जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक ११५ • २०८० साल भाद्र २६ गते मंगलबार (12 September, Tuesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रभु साहको दम्भ र माओवादी पीडितको आक्रोशको उपज गौर घटना : जसपा

**टुडे समाचारदाता**

जनकपुरधाम । रौतहट जिल्लाको गौर राईस मिलमा १७ वर्ष अघि भएको घटना तत्कालीन माओवादी नेता प्रभु साह को दम्भ र माओवादी पीडितहरुको आक्रोश को उपज रहेको बताइएको छ ।

नेपाल बौद्धिक पेशाकर्मी महासंघ मधेश प्रदेश, समितिले सोमवार जनकपुरधाममा आयोजना गरेको 'गौर घटना : यथार्थ र भ्रम' विषयक अन्तरक्रिया कार्यक्रमका बक्ताहरुले गौर घटनामा जनता समाजवादी पार्टी(जसपा) को कुनै संलग्नता नरहेको दाबी गरे ।

तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवलाई घटनाको मुख्य अभियुक्त बताएर समाजमा भ्रम सृजना नगर्न प्रभु साह लागेको उनीहरुले बताए ।' फोरमको कार्यक्रम बिथोल्न साहले बाहिरबाट सशस्त्र माओवादी कार्यकर्ताहरुलाई ल्याएका थिए' मधेश प्रदेशका पूर्व मुख्यमन्त्री समेत रहेका जसपाका केन्द्रीय कार्यकारिणी सदस्य मो.लालबाबु राउतले भने, साहकै उन्मादले गौर घटना भएको हो ।

केन्द्रीय निर्णय अनुसार एक महिना अघि नै गौरको राईस मिलमा विरोध सभा आयोजना गर्ने निर्णय गरेको भए पनि प्रभु साहले आफ्नो दम्भ देखाउन सोही ठाउँमा कार्यक्रम गर्ने ढिपी



कसे पछि घटना भएको राउतले तर्क दिए ।

विभिन्न स्थानमा फोरमको विरोध सभा विथोलेको माओवादीले गौरको कार्यक्रम समेत विथोल्ने योजना अनुरूप बाहिरबाट माओवादी लडाकुलाई बोलाएर कार्यक्रममा आक्रमण गराएको राउतले बताए ।

माओवादी पीडितहरुको आक्रोशका कारण माओवादी लडाकुहरु मारिएको राउतले जिकिर गरे । माओवादी पीडित स्थानीयहरुले प्रतिकार नगरेको भए फोरमका नेता कार्यकर्तालाई ठूलो क्षति बेहोर्नु पर्ने निश्चित रहेको घटनाका प्रत्यक्षदर्शी शिवलाल पटेलले बताए ।'आधुनिक हतियारले सुसज्जित माओवादी लडाकुहरु बस सहितै राईसमिल नजिक पुगेका थिए ' उनले भने, बसबाट हतियार सहित उत्रेका माओवादी लडाकुहरु राईसमिलमा जान अल्मलिए लगतै माओवादी पीडितहरुले हतियार खोस्दै आक्रमण गरेका थिए ।

१७ बर्ष पुरानो घटनालाई उचालेर पुनः संघीयतालाई संकटमा पार्न खोजिएको भन्दै वक्ताहरुले शासक वर्गलाई कुनै प्रकारको कारबाही थालिए माओवादीमाथिको मुद्दा पनि उप्काउनु पर्नेमा जोड दिए ।

बौद्धिक पेशाकर्मी महासंघ मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खडगाको अध्यक्षतामा भएको सो कार्यक्रममा पूर्व मन्त्री शैलेन्द्र साह, प्राध्यापक, शिक्षक, पत्रकार, कानुन व्यवसायी लगायतका बुद्धिजीवीहरुको सहभागिता रहेको थियो ।

## संविधानको व्यवस्थामै त्रुटि छ : उपेन्द्र यादव

**टुडे समाचारदाता**

विराटनगर । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले सरकार गठनसम्बन्धी संविधानमा उल्लेखित विषय नै त्रुटिपूर्ण रहेको बताएका छन् ।

सरकारले संविधान दिवस तीन दिनसम्म विशेष उत्सवको रुपमा मनाउने निर्णय गरेको बेला सत्ता साझेदार जसपाका अध्यक्ष यादवले संविधानमा सरकार गठन प्रक्रियामा गंभीर त्रुटि रहेको बताएका छन् ।



'संविधानमा त्रुटिकै कारण कोशी प्रदेशमा सरकार गठनमा समस्या सिर्जना भएको छ 'उनले भने, सरकार गठनसम्बन्धी ५ चरणसम्मको व्यवस्था राख्नु नै त्रुटि हो ।

'कोशी प्रदेशमा कुनै पनि दलले बहुमत नपाएको अवस्थामा हुने यसखालका घटना सामान्य हुन्' अध्यक्ष यादवले भने, संसदीय व्यवस्थामा दुई तिहाई नजिक भएका दलहरु पनि धरासायी भए । विराटनगर विमानस्थलमा सोमवार सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने- हाम्रो सिस्टममै दोष छ ।

' हालको संसदीय व्यवस्थाको संरचनामा पुनःविचार गर्नुपर्छ,' उनले भने, 'संसदीय प्रावधान भनेको बहुमत रहेसम्म सरकार बनाउने, बहुमत नरहँदा हट्ने गरी प्रावधान राख्नुपर्छ । संवैधानिक व्यवस्था नै त्रुटिपूर्ण रहेको उल्लेख गर्दै उनले भने, मन्त्रिमण्डल बन्ने अवस्था ५ स्टेपसम्म राख्नु हुँदैन ।'

कांग्रेसको सल्लाह, सहमति र सहकार्यमै समाजवादी मोर्चा बनेको यादवले बताए । 'मोर्चाले काँग्रेससँग सहकार्य गर्दै अगाडि बढ्छ ' उनले भने, भ्रमबस कोही साथीहरु तर्सिनु भएको छ भने त्यहाँबाट मुक्त हुनुपर्छ । मोर्चा र काँग्रेस सहकार्यका साथ अगाडि बढ्छौं,' यादवले भने ।

## संविधान दिवसको कुनै औचित्य छैन् :प्रभु साह

**टुडे समाचारदाता**

विराटनगर । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले वर्तमान संविधानको अन्त्येष्टि गर्नुपर्ने बताएका छन् ।

सरकारले असोज ३ गते संविधान दिवस उत्सवका रुपमा मनाउने तयारी गरेको बेला उनले संविधान दिवसको कुनै औचित्य नभएको सार्वजनिक रुपमा धारणा व्यक्त गरेका छन् ।

विराटनगरमा सोमवार आजपाको कोशी प्रदेश स्तरीय बैठकमा बोल्दै अध्यक्ष साहले अहिलेको व्यवस्था 'गुण्डा व्यवस्था' भएको टिप्पणी गर्दै यो संविधानले नेपाली जनताको चाहना पूरा हुन नसक्ने बताए ।

'अहिलेको संविधानको रक्षा गर्न सकिदैन् । अहिलेको व्यवस्था र संविधानले देशलाई अगाडि बढाउन सक्दैन् ' साहले भने, देशमा लोकतन्त्र होईन, दलतन्त्र छ ।'

'नेपालमा राजतन्त्र फालेर लोकतन्त्र ल्याउने भनियो तर लोकतन्त्र हैन, दलतन्त्र आएको छ ' उनले ठूला दलका नेताहरुप्रति




कटाक्ष गर्दै भने, आजको दिनमा राजतन्त्र त हट्यो तर छोटे राजाहरुको जन्म भएको छ ।'

अहिले कुनै पनि कार्यालयमा बिना घुसको काम गराउन सकिने अवस्था नभएको बताउँदै साहले ती भ्रष्टहरुलाई ठुला दलका शीर्ष नेताहरुले नै संरक्षण गरिरहेको आरोप लगाए । विदेशमा मौज गरिरहेका, नेपालबाट लुटेर विदेशमा पुगेकाको पक्षमा सरकार उभिने गरेको तर विदेशमा मजदुरी गर्ने श्रमजीवि मजदुरलाई हेला गर्ने काम सरकारबाट भइरहेको उनले आरोप लगाए ।

'भगौडा दलालको पक्षमा कानुन निर्माण गर्ने, नेपालमा लुटेर विदेशमा मौज गर्नेकै पक्षमा लाग्ने सरकार उनीहरुकै पक्षमा थप कानुन बनाएर नेपालको पैसा विदेशमा पुऱ्याउन काम गरिरहेका छन' साहले भने, 'तर विदेशमा श्रम गर्ने, विदेशमा काम गरेर नेपालमा पैसा पठाएर नेपाललाई समृद्ध बनाउन चाहने युवा, श्रमिकको पक्षमा सरकार नलाग्नु दुर्भाग्यपूर्ण हो ।'

मुलुकलाई समृद्ध बनाउन आम जनताको शासन आवश्यक रहेको बताउँदै उनले दलतन्त्र र मुठिभर नेताहरुको गलत क्रियाकलापले देशको आर्थिक अवस्था झनझन बिग्रदै गएकोमा उनले चिन्ता व्यक्त गरे ।

एक मधेश एक प्रदेशको नारा दिने तर मधेशलाई लुट्ने काम बाहेक अरु केही नभएको बताउँदै उनले मधेश विकासको सूचकांकमा किन पछाडि पऱ्यो भन्ने विषयमा जवाफ लिनुपर्ने बताए । एक मधेशको नारा दिएर आठ जिल्लाको मधेश बनाउने काम किन भयो ? उनले प्रश्न गरे ।

'तराई मधेश हिजोको दिनमा समृद्ध थियो । छुटै गौरव महसुस हुन्थ्यो तर आज त्यही समृद्ध मधेशलाई लुट्ने बाहेक अरु केही भएको छैन् ' साहले भने, हिजोको दिनमा पहाडबाट मान्छेहरु तराईमा झर्दा गौरव महसुस गर्थे, तराईमा बसाईसराई गर्न चाहन्थे । 'मधेश हरेक हिसावले समृद्ध भए पनि यहाँ, शिक्षा, स्वास्थ्य, विकास लगायतका क्षेत्रमा निकै पछाडि छ ?

### आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं ।**

**लक्षणहरु**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



**रोकथामका उपायहरु**

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**

**लक्ष्मीनियाँ गाउँपालिका**

**लक्ष्मीनियाँ बजार, धनुषा, मधेश प्रदेश, नेपाल**

'जनमन सँ जनजन धरि'



रेडियो टुडे ९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज

समाचार आ मनोरञ्जन ल क

निरन्तर १८ घण्टा

अहाँक संग



सुझाव आ प्रतिकृयाकलेल

०४१-५२७५९१, ५२३८६७

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# ‘बिपीले लिनुभएको परराष्ट्र नीति सन्तुलित भएकाले आज पनि उत्तिकै उपयोगी’

काठमाण्डु । नेपाली कांग्रेसका संस्थापक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको अन्तर्राष्ट्रिय राजनीतिमा उच्च स्थान र कूटनीतिक क्षेत्रमा सन्तुलित योगदान रहेको विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूले बताउनुभएको छ ।




कांग्रेसले बिपीको ११०औँ जन्मदिनको अवसरमा आइतबारदेखि सानेपामा आयोजना गरेको ‘बिपी साहित्य सम्मेलन-२०८०’ को दोस्रो दिन ‘अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिमा बिपी’ विषयमा छलफल भएको थियो । सो विषयमा मन्तव्य राख्दै पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले बिपीले लिनुभएको परराष्ट्र नीति सन्तुलित भएकाले आज पनि उत्तिकै उपयोगी भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “मार्क्स र गान्धीको विचारबाट प्रभावित हुनुभएका बिपीको विचारमा मार्क्सवाद र गान्धीको आर्थिक समाजवाद तथा अहिंसावादी व्यवहार झल्किन्छ । बिपीलाई २०१७ सालमा प्रधानमन्त्रीबाट हटाउन देशभित्र कै सामन्तवर्ग र विदेशी शक्तिको साथ र उक्साहटमा तत्कालीन राजा महेन्द्रले भूमिका खेलेका हुन् ।”

उहाँले बिपी अग्रगामी, लोकतान्त्रिक र समाजवादी चरित्रको हुनुहुन्थ्यो भन्दै भारतमा आफ्नै मित्र इन्दिरा गान्धीले सङ्कटकाल लगाएको, सिक्किम भारतमा विलय भएको आदि कारणले राजासँग मेलमिलापको नीति लिएर बिपी नेपाल आउनुभएको उल्लेख गर्नुभयो ।

पूर्वप्रधानमन्त्री डा भट्टराईले बिपीको राष्ट्रियताको विषयमा राजासँग मिलेर जान खोज्ने मेलमिलापको नीति सही भए पनि राजाले विश्वासघात गरेको उल्लेख गर्नुभयो । उहाँले बीपीले अँगालेको सो नीति सफल नभए पनि सही भएको बताउनुभयो । उहाँले नेपालमा दलहरूबीच पदका लागि बाहेक सहमति नजुट्नु दुर्भाग्य भएको बताउनुभयो । पूर्वप्रधानमन्त्री डा भट्टराई भन्नुभयो, “कोही ठूलो मान्छे बन्न खोज्छ भने उसले बल मिच्याइँ गर्छ भनेर बिपी भन्नुहुन्थ्यो ।”

**अन्तर्राष्ट्रिय राजनीतिमा बिपीको योगदान अतुलनीय : नेता डा खड्का**

कांग्रेसका नेता तथा पूर्वपरराष्ट्रमन्त्री डा नारायण खड्काले बिपीको व्यक्तित्व अन्तर्राष्ट्रिय क्षेत्रमा उच्च र सम्मानित भएको बताउनुभयो । उहाँले भन्नुभयो, “राजा महेन्द्रले बिपीलाई अपदस्थ गरेपछि संयुक्त राष्ट्रसङ्घको महासभामा जाँदा संयुक्त राज्य अमेरिकामा ९३ जना नेबेल पुरस्कार विजेताले विरोध गरेको घटना ऐतिहासिक थियो ।”

उहाँले चीनका राष्ट्रपति माओत्से तुङसँगको वार्ता, चीनका प्रधानमन्त्रीसँग सगरमाथा नेपालको हो भनेर दाबी पेश गर्ने बिपीले मुस्ताङमा नेपाली नागरिक मारिँदा माफी मगाई क्षतिपूर्ति गराएको घटना कूटनीतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान भएको उल्लेख गर्नुभयो ।

**कूटनीतिक क्षेत्रमा बिपीको योगदानलाई सबैले सम्मान गर्नुपर्छ : नेता ज्ञवाली**

नेकपा (एमाले)का उपमहासचिव तथा पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवलीले चीनसँग सम्बन्ध राख्दा भारत विरोधी र भारतसँग सम्बन्धलाई निरन्तरता दिँदा चीन विरोधी हुनुपर्दैन भनेर बिपीले लिनुभएको अडान परराष्ट्र मामिलामा उल्लेखनीय भएको बताउनुभयो ।

नेता ज्ञवालीले बिपीले भारत र चीनसँगको नेपालको सम्बन्ध राजनीतिक भन्दा व्यापारिक आधारमा हुनुपर्ने नीति लिनुभएको, भारतको अनुचित दबाबलाई बिपीले अस्वीकार गर्नुभएको, भारतमै रहँदा प्रजातन्त्रको पक्षमा र नेपालमा आउँदा राष्ट्रियताको पक्षमा देखिने दोधारमा हुँदा बिपीले राष्ट्रियतालाई प्राथमिकता दिनुभएको बताउनुभयो । उहाँले बिपीसँगको राजनीतिक लाइनमा समर्थन जनाउन नसकिए पनि कूटनीतिलाई सबै दलले र मुलुकले सम्मान गर्नुपर्ने बताउनुभयो ।

**चीन र भारतसंग समान सम्बन्ध राख्ने क्षमता बिपीले राख्नुहुन्थ्यो : कूटनीतिज्ञ अधिकारी**

कूटनीतिक क्षेत्रकी जानकार इन्द्र अधिकारीले बिपीले संयुक्त राष्ट्रसङ्घको १५औँ साधारणसभामा दिनुभएको अभिव्यक्तिले बिपीलाई विश्व जगत्मा चिनाएको बताउनुभयो । “बिपीले ठूला शक्ति राष्ट्रले युद्ध र हतियारमा लगानी गरिरहेको भन्दै त्यसको मार साना र अविकसित देशमा परिरहेकोले धनी र ठूला राष्ट्रले विकासशील राष्ट्रलाई सहयोग गर्नुपर्छ भनेर माग गर्नुभएको थियो”, उहाँले भन्नुभयो, “सो अभिव्यक्तिबाट बिपीको उचाइ एक्कासि अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभाव जमाउन सकेको थियो ।”

बिपीले प्रधानमन्त्री भएपछि चीनको भ्रमणको तयारी हुँदै गर्दा भारतीय प्रधानमन्त्री तथा मित्र जवाहरलाल नेहरूले चीनसँग वार्ता गर्ने विषयमा सुझाव दिँदा अस्वीकार गर्नुभएको उहाँले बताउनुभयो । कूटनीतिज्ञ अधिकारीले नेहरूको दबाबलाई अस्वीकार गर्दै नेपाल सार्वभौम र स्वतन्त्र देशको हैसियतमा आफ्नो कूटनीति र सम्बन्ध छिमेकीसँग राख्न सक्छ भन्ने जवाफले आफ्नो हैसियत देखाएको बताउनुभयो । उहाँले चिनियाँ राष्ट्रपति माओत्सेतुङ र प्रधानमन्त्री चाउ एन लाईसँग वार्ता गरेर कूटनीतिक सम्बन्ध विस्तार गरेको स्मरण गर्दै चिनियाँ प्रधानमन्त्रीले गरेको सम्मानलाई आज पनि ऐतिहासिकरूपमा लिने गरिन्छ भन्नुभयो ।

सो कार्यक्रमको सहजकर्ता सुधीर शर्माले गर्नुभएको थियो भने कार्यक्रमको संयोजन पार्टी केन्द्रीय सदस्य नानु बाँस्तोला तथा श्रीबाबु कार्की र अमृत ज्ञवालीले गर्नुभएको थियो । रासस

# ६ दिनदेखि एक युवक बेपत्ता

टुडे समाचारदाता

राजविराज । मेला घुमेर आउँछु भनी घरबाट निस्केका एक युवक विगत ६ दिनदेखि बेपत्ता छन् । सप्तरीको खडक नगरपालिका ११ का मोहम्मद अजिम बेपत्ता भएका छन् ।



गाउँमै गत बुधबार कृष्णाष्टमीका अवसरमा लागेको मेला हेरेर आउँछु भनी घरबाट निस्केका अजिम त्यही दिनदेखि बेपत्ता भएको परिवारजनले जनाएको छ ।

६ दिनदेखि छोराको खोजी गरिरहेका छौं, सोमबार छोरा पत्ता लगाइदिन भन्दै सदरमुकाम राजविराज प्रहरी गुहार्न पुगेका अजिमका बुबा समिमउल्लाह मियाँ र आमा हसिरनले भने-कतै कुनै सुराक नपाइएपछि छोराको अवस्था पत्ता लगाइदिन जिल्ला प्रहरी कार्यालय पुगेका छौं ।

नेपाल तथा भारतमा रहेका आफन्त र चिनजानका सबैमा जानकारी गराए पनि हालसम्म फेला पर्न नसकेको मियाँ दम्पत्तिले बताएका छन् । परिवारजनले यसअघि इलाका प्रहरी कार्यालय कल्याणपुरमा समेत उजुरी गरिसकेका छन् । त्यहाँबाट कुनै ठोस परिणाम प्राप्त नभएकाले जिल्लामा समेत उजुरी दिन आइपुगेको उनीहरुले बताए । पीडित परिवारले स्थानीय प्रशासन लगायत सरोकारवालामा खोजी गरिदिन अपिल गरेका छन् ।

बेपत्ता रहेका भाई अपहरणमा परेको हुन सक्ने आशंका उनका दाजु रियाजले गरेका छन् । “भाइसँगै गएका उनका केटा साथी सोही राती घर फर्के पनि अजिम भने बेपत्ता भए दाजु रियाजले सुनाए ।” यसबारे भाईका साथीलाई भोलि पल्ट बिहानै सोध्दा उनी मेला हेरेर फर्किदा एक जना केटी साथीलाई भेट्न जान्छु भनी बाटोमै आफूसँग आजिम छुटिएको जवाफ दिएको रियाजको कथन छ ।

सो बारे प्रहरीलाई जानकारी गराउँदा केटी साथीले सो दिन अजिम आफूलाई भेट्न आएको स्वीकार गरे पनि भेटेको केही क्षणमै घर जान्छु भन्दै निस्केको र त्यसपछि कता गयो भन्ने कुरा आफूलाई थाहा नभएको प्रहरी समक्ष बयान दिएको रियाजले जानकारी दिएका छन् ।

बेपत्ता भएको रातिदेखि नै भाई अजिमले बोक्ने ९८१८९८७६९८ नम्बरको मोवाइल स्वीचअफ भएको जानकारी दिँदै दाजु रियाजले भाईको केटी साथीका आफन्तजनले अपहरण गरी भारततर्फ लगेको र त्यहाँ कुनै अप्रिय घटना हुन सक्ने आशंका समेत व्यक्त गरेका छन् । अजिमका सबै साथी, छरछिमेक तथा चिनजानका सबैमा जानकारी गराइ खोजतलास गर्दा पनि कतै फेला पर्न नसकेको उनको भनाइ छ । “सबैतिर पत्ता लगाउने काम भयो, कतै फेला परेन् बुबा समिमउल्लाहले भने- अपहरण भएको हुन सक्ने आशंका सबैले गरेका छौं ।”

इलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी निरीक्षक सुबेश अधिकारीले अजिमको पत्ता लगाउन उनको हुलियासहितको सम्पूर्ण विवरण देशैभरका प्रहरी कार्यालयमा पठाइसकिएको बताए । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेशकुमार सिंहले अजिमको अवस्था पत्ता लगाउन प्रहरीले कुनै कसर बाँकी नराखेको जानकारी दिँदै उनी बेपत्ता भएको बारे विभिन्न कोणबाट अनुसन्धान थालिएको जनाए ।

# डिजिटल प्रविधिसँगै भएको रुपान्तरण

काठमाण्डु । अहिले चलचित्र निर्माण, छायाङ्कनदेखि प्रदर्शनसम्म डिजिटल प्रविधिबाट हुने गरेका छन् । नेपालमा चलचित्रका क्षेत्रमा डिजिटल प्रविधिको सुरुआत भूषण दाहालले निर्देशन गर्नुभएको ‘कागबेनी’ र आलोक नेम्वाङ्ले निर्देशन गर्नुभएको ‘सानो संसार’ बाट भएको हो ।

यी दुई चलचित्रसँगै डिजिटल प्रविधि भित्रिएपछि चलचित्र निर्माण सहज, व्यवस्थित र व्यावसायिक भएको निर्देशक, निर्माताको भनाइ छ । डिजिटल प्रविधिले एउटै समयमा देशभर चलचित्र प्रदर्शन गर्नसक्ने गरी नयाँ युगमा प्रवेश गरेको छ ।

यसको सुरुआतसँगै ‘प्रिन्टको डब्बा’ लिएर चलचित्र भवन धाउनुपर्ने बाध्यता हटेको निर्माता अशोक शर्माले बताउनुभयो । “यसले एउटै समयमा देशभर चलचित्र प्रदर्शन गर्न सहजता दिएको छ”, उहाँले भन्नुभयो, “सोही कारण काठमाडौँमा प्रदर्शनका निमित्त पालो पर्खिएका चलचित्रको लाइन घटेको छ ।” सन् २००७ मा डिजिटल सिनेको सुरुआत गरेको उहाँले स्मरण गर्नुभयो । प्रदर्शक, वितरक र निर्माताको समूह बनाएर सुरु गरिएको डिजिटल प्रविधिलाई नेपालभर पूर्णता पाउन झन्डै एक दशक लाग्यो ।

“नेपाली चलचित्रलाई सहरिया क्षेत्रमा हेरिने दृष्टिकोणसँगै स्तरीय प्रदर्शनीका लागि डिजिटल प्रविधि आवश्यक थियो । अष्ट्रेलियन प्रविधि खर्चिलो हुने भएपछि भारतीय प्रविधि ‘युएफओ’सँग सहकार्य गरेर सुरु गरेका हौँ”, निर्माता शर्माले भन्नुभयो, “सुरुआती समयमा डिजिटल प्रविधिमा चलचित्र निर्माण सहज होस् भनेर क्यामेरा ल्यायौँ । यस प्रविधिमा निर्माण गरिने चलचित्रलाई केही रकमसमेत सहयोग गर्न थाल्यौँ । हल सञ्चालकलाई भविष्य देखाएर प्रविधि जडान गर्न हौसायौँ ।”

अहिले विश्वभर एकसाथ चलचित्रको प्रदर्शन यही प्रविधिले गर्दा सम्भव भएको उहाँको भनाइ थियो । “नेपालमा अहिले पूर्णतया डिजिटल प्रविधिमा निर्माणदेखि प्रदर्शनसम्म हुने गरेको छ”, शर्माले भन्नुभयो, “पहिला मोफसलमा प्रदर्शन भएर पुरानो भइसकेका प्रिन्ट काठमाडौँमा प्रदर्शन हुँदा प्रिन्ट कोरिएको, प्वाल परेको, टाँसिएकोलगायत बिग्रिएको अवस्थामा काठमाडौँ भित्रिने हुँदा सहरिया दर्शकलाई आकर्षण गर्न सकेको थिएन् ।”

डिजिटल प्रविधिसँगै एकसाथ देशभरका हलमा चलचित्र प्रदर्शन हुन् थालेपछि निर्माता तथा निर्देशकमा उत्साह थपिएको शर्माको भनाइ थियो । डिजिटल प्रविधिमा चलचित्र निर्माण र प्रदर्शन सहज भएपछि नियमितभन्दा फरक कथा र कलाकारले आफूलाई प्रस्तुत गर्ने मौका पाएका उहाँले बताउनुभयो ।

नयाँ र आधुनिक प्रविधिको प्रयोगका कारण प्रदर्शन लागत घट्नुका साथै समयको बचत हुने भएकाले चलचित्र निर्माताको सङ्ख्या बढेको नेपाल चलचित्र सङ्घका महासचिव नरेन्द्र महर्जनले बताउनुभयो । प्रदर्शकसँगै निर्माण र वितरणसमेत रहनुभएका महर्जनले प्रविधिको रुपान्तरणले चलायमान बनाउन मद्दत गरेको बताउनुभयो । “निर्माताका साथै चलचित्रको सङ्ख्या पनि पहिलेको तुलनामा बढेको छ । प्रविधिले चलचित्र निर्माणदेखि प्रदर्शनसम्म सहजता थपेको छ”, उहाँले भन्नुभयो ।रासस

# पोखरामा ‘तीज सांकृतिक महोत्सव’ सुरु



गण्डकी । पोखराको लेकसाइडमा तीनदिने ‘तीज सांस्कृतिक महोत्सव-२०८०’ सुरु भएको छ । पर्यटन व्यवसायी महिला सङ्घ नेपाल (टेवान) द्वारा आयोजित महोत्सवको सोमबार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले उद्घाटन गर्नुभयो ।

सो अवसरमा उहाँले महिला मुलुक हाक्न सक्ने शक्ति भएको बताउनुभयो । “महिला पुरुषको वैशाखी हैनन्, मुलुक हाक्ने मेरुदण्ड हुन्”, मन्त्री गुरुङले भन्नुभयो, “महिला दिदीबहिनीहरु अब चुलोचौकोमा मात्र सीमित छैनन् ।”

उहाँले तीज परम्परागत पर्व भएकाले बढी खर्चिलो र भड्किलो बनाउन नहुनेमा जोड दिनुभयो । टेवानले महोत्सव आयोजना गरेर तीज पर्वलाई उत्पादन र पर्यटनसँग जोडेकामा खुसी व्यक्त गर्नुभयो । पोखरा पर्यटन परिषद्का महासचिव सञ्जयकान्त सिग्देलले महोत्सवले पोखराको पर्यटन बजारलाई चलायमान बनाउने धारणा राख्नुभयो । उहाँले पोखराको पर्यटन विकासका लागि यथाशीघ्र अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तरदेशीय उडान सुरु गर्नुपर्ने बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घ, कास्कीका अध्यक्ष विमला गुरुङले तीज पर्वले महिलाबीचको एकतालाई सुदृढ गर्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले बदलिदो समयअनुसार तीज पर्व मनाउने तरिका परिस्कृत हुँदै जानु स्वभाविक रहेको जनाउनुभयो । टेवानका अध्यक्ष कमला गिरीले तीज पर्वको जगेर्नाका साथै महिला उद्यम प्रवर्द्धनको उद्देश्य लिएर महोत्सव आयोजना गरिएको बताउनुभयो । महोत्सवमा गण्डकी प्रदेशका विभिन्न जिल्लाका महिलाले तयार गरेका हस्तकलाका सामग्रीको बिक्री तथा प्रदर्शनी राखिएको छ ।

बुधबारसम्म चल्ने महोत्सवमा प्रदेशस्तरीय तीज गीत, महिला हाजिरीजवाफ, महिला भलिबल तथा दौडलगायत प्रतियोगिता आयोजना गरिएको अध्यक्ष गिरीले जानकारी दिनुभयो । महोत्सवमा कलाकारहरुको प्रस्तुति पनि रहने जनाइएको छ । रासस

# तेजाब आक्रमण गर्ने उम्कन नपाओस् : अध्यक्ष ओली

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले तेजाब आक्रमणमा परेकालाई न्याय दिनका लागि ल्याइएको कानूनको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभएको छ ।

एमालेले सोमबार ललितपुर स्थित पार्टी मुख्यालयमा तेजाब आक्रमण विरुद्धको जागरण दिवसको अवसरमा गरेको कार्यक्रममा उहाँले तेजाब आक्रमण र जलनमा परेकालाई एकातिर घाउका जलन अर्कोतिर न्याय नपाएकाको पीडा जस्तो दोहोरो जलनको पीडा भोग्न नपरोस् भनेर कडा कानून ल्याइएकाले उक्त कानूनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने बताउनुभयो ।

उहाँले आगो लगाउने र तेजाब आक्रमण जस्ता अपराध गर्ने कोही पनि उम्कन नपाउन र सजाय भोग्न बाध्य बनाउनुपर्ने बताउनुभयो । “कडा कानून बनाएर अपराधीलाई दण्डित नगर्ने हो भने सजिलै अपराधी उम्कन सक्नेछन्”, उहाँले भन्नुभयो, “त्यसैले आगो लगाएर मार्ने र तेजाब आक्रमण गर्नेलाई जिन्दगीभर जेलमा जानुपर्दछ र सड्नुपर्दछ भन्ने त्रास फैलाउनुपर्दछ । सजिलैसँग बहस गराएर छुट्ने खालको नहोस् भनेर कडा कानून बनाएका हौँ ।”

उहाँले अन्धविश्वासले जन्माएका विकृतिलाई रोक्नका लागि आवश्यकताअनुसार कानूनको दायरा विस्तार गर्नुपर्ने भनाइ राख्नुभयो । उहाँले तेजाब आक्रमण महिला र बालबालिका विरुद्धको हिंसाको विभत्स रूप भएको उल्लेख गर्दै तेजाब आक्रमण पीडितलाई परिचय साथै सरकारले हेरचाह, लालपालन, औषधि उपचार गर्नुपर्ने धारणा राख्नुभयो । अध्यक्ष ओलीले आजको २१औँ शताब्दी सभ्य भएको समाजमा पनि दाइजोको कारणले तेजाब आक्रमण भइरहेको बताउनुभयो ।

उहाँले आफू प्रधानमन्त्री छँदा नै तेजाब आक्रमणसम्बन्धी कानून निर्माण गरेको भन्दै तर उक्त कानून धेरै मुस्किलले कार्यान्वयनमा ल्याएको बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका संसद् विन्दावासिनी कङ्साकारले तेजाब आक्रमण गर्ने विरुद्ध बनेको कानूनलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# हरियाली बन्दै बागमती बगर



चन्द्रपुर । कुनै बेला दुङ्गा तस्करको ढुङ्गा भण्डारण गर्ने तथा चरिचरन क्षेत्र बनेको रौतहटको बागमती बगर यतिबेला हरियाली बन्न थालेको छ।

प्रदेश सरकारको नदी किनार संरक्षण कार्यक्रमअन्तर्गत बृहत वृक्षरोपण कार्यक्रम गरिएपछि उजाड र बेवारिसे बगर क्षेत्र अहिले हरियाली देखिन थालेको हो। रौतहटको चन्द्रपुर नगरपालिका वडा नं १ स्थित बागमती नदीको खोला किनारमा गरिएको वृक्षहरु हुर्किन थालेका छन्।

डिभिजन वन कार्यालयमार्फत गत असारमा गरिएको वृक्षरोपणलाई सिमेन्टको खम्बामा तारजाली राखेर संरक्षण गर्न थालेपछि बिरुवा हुर्किन थालेका हुन् । बागमतीमा रहेको दोभान सामुदायिक वनको पूर्वतर्फको नदीको किनारमा वृक्षरोपण गरिएको थियो । सो क्षेत्रमा १८ हेक्टरमा विभिन्न प्रजातिका बिरुवा रोपिएको सहायक वन अधिकृत सुरेशकुमार महतोले बताउनुभयो।

अधिकृत महतोका अनुसार अहिले बिरुवा संरक्षणको काम भइरहेको छ। यस क्षेत्रमा बाख्रा, गाई, भैंसी चराउने गरेकाले सो क्षेत्रमा बिरुवा हुर्काउन जनावरबाट नै दुःख हुने गरेको छ। जनावरले तारजाली, खम्बा भत्काउने र बिरुवामा पनि क्षति गर्ने गरेका छन् । हाल यस क्षेत्रमा भएका बिरुवालाई हुर्काउन चुनौती देखिएको छ । वन कार्यालयले अहिले रोपिएका बिरुवा हुर्काउन र संरक्षणमा ध्यान दिँदै आएको छ।

नदी किनार उकासको जमिन उपयोगविहीन अवस्थामा रहेको थियो । यस क्षेत्रमा खयर, सिसौ, जामुन, अमला, बडहर, टिक, सत्तिसाललगायतका बिरुवा रोपिएको डिभिजन वन कार्यालयका प्रमुख सुनिल कर्णले बताउनुभयो।

केही वर्षपछि यस क्षेत्रमा डाले घाँस प्रशस्त पाइने भएकाले समुदायमा रहेका स्थानीय पशुपालक कृषकले यसबाट लाभ लिन सक्नेछन्। गौरवको आयोजना रेलमार्ग त्यस सामुदायिक वन क्षेत्र भएर गएको हुँदा धेरै मात्रामा रुख कटान भएकाले यस वृक्षरोपणले परिपूर्ति गर्ने डिभिजनन प्रमुख कर्णको धारणा छ। रासस

# नदीजन्य तथा खानीजन्य ढुङ्गाको सही सदुपयोग सकेन

काठमाण्डु । नेपाल नदीजन्य तथा खानीजन्य ढुङ्गाको अपार स्रोत भएको देश भए पनि यसको सही सदुपयोग हुन नसक्दा देशले आर्थिक विकासको ठूलो सम्भावनालाई गुमाइरहेको एक कार्यक्रमका सहभागीहरूले बताउनुभएको छ।

न्युज एजेन्सी नेपालले सोमबार काठमाण्डुमा आयोजना गरेको नदी तथा खानीजन्य पदार्थको उत्खनन प्रशोधन तथा बिक्री वितरणमा देखिएको कानूनी जटिलता र समाधानको उपायबारे राउन्ड टेबल छलफल 'सङ्कटमा क्रसर उद्योग' कार्यक्रमका सहभागीहरूले सो कुरा बताउनुभएको हो।



कार्यक्रममा अर्थ समिति सभापति सन्तोष चालिसेले एकद्वार नीति नभएसम्म क्रसर र खानीका समस्या समाधान नहुने बताउनुभयो । उहाँले अर्थसमितिले प्रधानमन्त्रीको अमेरिका भ्रमण सकेर आएपछि तत्काल बसेर एकद्वार प्रणालीको नीति बनाउने विषयमा छलफल गरी निचोड निकाल्ने प्रतिबद्धता जनाउनुभयो।

सभापति चालिसेले क्रसर तथा खानी क्षेत्रका काम गर्ने सबै व्यवसायी र सरकारी निकायहरूलाई समेट्ने गरी नीति बनाउने बताउनुभयो । उहाँले अर्थतन्त्रमा ठूलो योगदान गर्ने क्रसर उद्योगमा परेको सङ्कटको समाधान सरकारले तत्काल समाधान गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले नेपालमा दुई करोड घनमिटर गिट्टी बालुवा र ढुङ्गा आवश्यकता रहेको भन्दै ३१ करोड घनमिटर नेपालका खोलानालाबाट गिट्टी, बालुवा र ढुङ्गा झिक्न सक्ने अवस्था रहेको उल्लेख गर्नुभयो।

सभापति चालिसेले गिट्टी, बालुवा र ढुङ्गा उत्खनन नगर्दा खोला बस्तीमा पस्ने समस्या आउन थालेको जिकिर गर्नुभयो। क्रसर व्यवसायीहरूले सरकारलाई रु २८ अर्ब हरेक वर्ष राजस्व तिर्ने गरेको भन्दै सरकारले कानून बनाउन नसक्ने, क्रसर उद्योगी, टिपर उद्योगीलाई बचाउन नसक्ने एकापसमा दोषारोपण गरेर बस्ने काम भएको उहाँको भनाइ थियो । उहाँले नेपालले उत्खनन गर्न नसक्दा प्रत्येक वर्ष रु एक अर्बको बालुवा भारतले उत्खनन गर्ने गरेको बताउनुभयो।

यसैगरी पूर्वाधार विकास समिति सभापति दीपक सिंहले नेपालका नदी, खोलाबाट गिट्टी, बालुवा र ढुङ्गा उत्खनन कार्य खोल्न आवश्यक रहेको बताउनुभयो। उहाँले क्रसर उद्योग सञ्चालनका लागि आवश्यक गिट्टी, बालुवा र ढुङ्गा उत्खनन रोक्न नहुने जिकिर गर्नुभयो । उहाँले भन्नुभयो, "सरकारले कानूनी जटिलता सहज बनाएर नदी र खोलाको गिट्टी, बालुवा र ढुङ्गा उत्खनन गर्नसके हजारौँलाई रोजगारी र अर्बौंको राज्यलाई आम्दानी आर्जन हुनेछ।"

नदी र खोलाको गिट्टी, बालुवा र ढुङ्गा उत्खनन गर्न नदिने र क्रसर उद्योगहरू पनि बन्द गर्ने हो भने हजारौँ मानिस विदेश जानुपर्ने अवस्था आउने विषयमा सरकार सचेत हुन आवश्यक रहेको उहाँको भनाइ थियो। सभापति सिंहले सरकारले नदी र खोलाको गिट्टी, बालुवा र ढुङ्गा उत्खनन गर्न दिएर अर्बौं रूपैयाँ आर्जन गर्दा रु ५० लाख खोला संरक्षणका लागि खर्च गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "मेरो कार्यकालमा कुनै पनि बेइमानी गर्दिनँ। व्यवसायीहरूसँग चुनावी खर्च पनि गर्दैनौं । चार वर्ष काम गर्न नसके व्यवसाय मात्रै नभएर देश सकिन सक्छ। व्यवसायीहरूले सबै चीज गर्नुस् तर देशलाई ठग्ने काम नगर्नुस्।"

यसैगरी उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानले निजी क्षेत्रलाई काम गर्न दिएन भने देश विकास सम्भव नभएको बताउनुभयो । उहाँले विकसित मुलुकहरूमा निजी क्षेत्रले महत्त्वपूर्ण भूमिका खेलेको भन्दै निजी क्षेत्रले राम्रो काम गरेर विकसित मुलुक बनाएको उल्लेख गर्नुभयो। उहाँले भारत र चीनलाई हेर्दा पनि निजी क्षेत्रले गरेको काम देख्न सकिने बताउनुभयो।

उहाँले निजी क्षेत्रलाई काम गर्न दिनका लागि सबै मन्त्रालयका सचिव बसेर देश विकासका निम्ति एकीकृत ऐनकानूनहरू बनाउन आवश्यक रहेको धारणा राख्नुभयो। क्रसर उद्योग खोल्नका लागि १३ वटा मन्त्रालय धाउनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने उहाँको सुझाव थियो।

कार्यक्रममा पूर्वसचिव विश्वप्रकाश पण्डितले चुरे पहाडमा क्रसरले कुनै उत्खनन नगर्ने गरेको र चुरे बगेर तराईमा आइसकेपछि त्यो निकाल्नु नै वैज्ञानिक मान्यता रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नदीजन्य पदार्थ वार्षिक ३१ करोड घनमिटरमध्ये दुई करोड घनमिटर नेपालको अधिकतम आवश्यकता हो, बाँकी २९ करोड घनमिटर उत्खनन गरी निकासी गर्दा वार्षिक रु पाँच खर्बसम्म राष्ट्रिय आय हुन आउँछ। बगेर भारत जान दिने वा तराईमा मरुभूमिकरण गर्न वा प्रशोधन गरेर निकासी गरी विदेशी मुद्रा आर्जन गर्ने बारेमा गम्भीर चिन्तन गरौँ।"

यसैगरी उहाँले क्रसर उद्योगले चुरे दोहन गरे भन्ने प्रोपोगण्डा भएको र सबै नेपालीले त्यो सत्य हो भन्ने ठानेको समेत बताउनुभयो । तराईका नदीहरूमा दुवैतर्फबाट तटबन्धन निर्माण गर्ने पानीको सतहसम्म बाँध निर्माण गरेर बगेर जान नदिने बाँध माथि तीन/चार वा सात/आठ मिटरसम्म नदीजन्य पदार्थ उत्खनन गरी रिजर्भवायर बनाउने र बर्खामा नदीजन्य पदार्थले भर्नुपर्ने उहाँको सुझाव थियो।रासस

# स्थानीयको माग सम्बोधन गरेर लप्सेफेदीमा सबस्टेसन निर्माण अगाडि बढाउने सहमति

काठमाण्डु । सरकारले काठमाडौँको शंखरापुर नगरपालिका-३ स्थित बोजिनीमा निर्माण हुने सबस्टेसन प्रभावितको जायज माग सम्बोधन गर्ने विश्वास दिलाएको छ। सबस्टेसन निर्माणको कामलाई अगाडि बढाउने र स्थानीयवासीको माग सम्बोधनका लागि सामाजिक उत्तरदायित्वका विभिन्न कामसमेत सुरु गरिने भएको छ। त्यसमा के कस्ता विषय समेटिने भन्ने विषयमा छिट्टै सहमति जुटाइनेछ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आज आयोजित सरोकारवाला पक्षसँगको छलफलमा मन्त्री शक्तिबहादुर बस्नेतले स्थानीयवासीको स्थानीयवासीको माग सम्बोधन गरिने र हालको अवस्थाभन्दा सबस्टेसन निर्माण भएपछि थप सहज जनजीवन निर्माणका लागि सरकारका तर्फबाट सक्दो पहल गरिने मन्त्री बस्नेतको भनाइ छ। उहाँले सामाजिक उत्तरदायित्व, प्रसारण लाइन प्रभावितको समस्या समाधानका लागि सरकारले नीतिगत रूपमा नै प्रबन्ध गर्ने र त्यसले अन्य आयोजनामा सहज वातावरण बनाउने विश्वास व्यक्त गर्नुभयो।

काठमाडौँ उपत्यकाभित्र नै विद्युत् कटौती गर्नुपर्ने अवस्थाको सिर्जना आएकाले बाध्यकारी स्थिति पैदा भएको उल्लेख गर्दै मन्त्री बस्नेतले यसको गम्भीरतालाई



जायज माग सम्बोधन गर्ने विश्वास दिलाउँदै सबस्टेसन निर्माणको काम अगाडि बढाउन दिन आग्रह गर्नुभएको थियो । काठमाडौँ उपत्यकाको विद्युत् प्रवाहका लागि महत्त्वपूर्ण मानिएको सो सबस्टेसन निर्माणमा जति दिन ढिलाइ हुन्छ, त्यति नै दिन समस्या झनै बढ्दै जाने उल्लेख गर्दै मन्त्री बस्नेतले स्थानीयस्तरमा गर्नुपर्ने विकास निर्माण तथा अन्य कामलाई सरकार र आयोजनाका तर्फबाट अविलम्ब अगाडि बढाइने बताउनुभयो।

सम्मान गरेर काम गर्न दिने वातावरण बनाउन मन्त्री बस्नेतले आग्रह गर्नुभयो । उहाँले आयोजनाबाट पर्ने प्रभावलाई सकेसम्म कम गर्ने तथा गराउनेतर्फ सरकारका तर्फबाट अधिकतम प्रयास गरिने बताउनुभयो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले परिस्थितिको बाध्यतालाई बुझेर आयोजनालाई सहजरूपमा अगाडि बढ्ने वातावरण बनाइदिन आग्रह गर्नुभयो। उहाँले स्थानीयवासीले उठाएका मागको अधिकतम सम्बोधन गरिने र त्यसका लागि सरकारका तर्फबाट पूर्ण प्रतिबद्धता रहेको बताउनुभयो।

तामाकोशी तथा सुनकोशी नदी र तिनीहरूका सहायक खोलाहरूमा निर्माण भएका तथा हुने जलविद्युत् आयोजनाको विद्युत् काठमाडौँ उपत्यकामा ल्याउन र स्थानीयरूपमा आपूर्ति गर्न लप्सीफेदीमा ४००/२२०/१३२/११ केभी क्षमताको सबस्टेसन निर्माण गर्न लागिएको हो। सबस्टेसनमा रामेछापको नयाँ खिम्तीबाट सुरु भई सिन्धुपाल्चोकको बाह्रबिसे हुँदै लप्सीफेदीसम्मको चार सय केभी प्रसारण लाइन जोडिने छ । नयाँ खिम्ती-बाह्रबिसे-लप्सीफेदी चार सय केभी प्रसारण लाइन निर्माणको अन्तिम चरणमा छ । लप्सीफेदी सबस्टेसनबाट भक्तपुरको चाँगुनारायणसम्मको एक सय ३२ केभी प्रसारण लाइन र सबस्टेसन निर्माणाधीन छन्। चाँगुनारायणमा एक सय ३२ केभी क्षमताको सबस्टेसन सम्पन्न हुने चरणमा छ।

सबस्टेसनका लागि ५० जना जग्गाधनीहरूको एक सय ७२ रोपनी जग्गा अधिग्रहणका लागि २०७४ साल जेठमा सार्वजनिक सूचना प्रकाशित गरी सोही वर्षको माघमा मुआब्जा तथा क्षतिपूर्ति रकम निर्धारण गरिएको थियो। एकजना जग्गाधनीबाहेक सबैले मुआब्जा तथा क्षतिपूर्ति रकम राजीखुसीले बुझिसकेका छन् । मुआब्जा तथा क्षतिपूर्तिबापत करिब रु ५० करोड वितरण गरिएको छ।

क्षतिपूर्ति नपाएको एक जनाको हकमा कानूनी समस्या उत्पन्न भएको छ। उक्त व्यक्तिले भोगचलन गरिरहेको भएता पनि पर्ती जग्गाका रूपमा रहेकाले मुआब्जा दिन समस्या छ । नेपाल सरकार तथा विद्युत् प्राधिकरणको लगानी र एसियाली विकास बैंक (एडिबी) को 'विद्युत् प्रसारण विस्तार तथा प्रणाली सुधार आयोजना'मार्फत प्रवाह भएको सहुलितपूर्ण ऋण सबस्टेसनहरू तथा प्रसारण लाइन निर्माण भइरहेको हो। रासस

# केवलकार सञ्चालनपछि मौलाकालिकामा बढे भक्तजन

चितवन । मौलाकालिका मन्दिर पुग्ने केवलकार सञ्चालनमा आएपछि भक्तजनको संख्या बढेको छ। विगतको तुलनामा २५ प्रतिशत भक्तजन बढेका हुन्।

धार्मिक सेवा समिति मौलाकालिकाका अध्यक्ष शालिग्राम सापकोटाका अनुसार केवलकार चलेपछि भक्तजनको संख्या २५ प्रतिशत हाराहारी बढेको छ। अहिले शनिबार एक हजार पाँचको हाराहारी भक्तजन मन्दिर दर्शनका लागि पुग्ने गरेका छन्। अन्य बार यो संख्या तीन सयदेखि पाँच सय हाराहारी हुन्छ। बिदाको दिन र पर्व विशेषमा संख्या बढ्ने गर्दछ । यो संख्या पहिलेको तुलनामा २५ प्रतिशत हाराहारी बढी भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "बिहान ११ बजेपछि आउने प्रायः भक्तजन केवलकारकै कारण आएका हुन् ।" दिउँसोको समयमा गर्मी हुने भएकाले पैदल हिँड्ने भक्तजन कम हुने गर्दछन् । बिहानीको समयमा केवलकारसँगै पैदलै भक्तजन मन्दिर पुग्ने गर्दछन्।

केवलकार गत वैशाख १ गतेदेखि सञ्चालनमा आएको हो । वैशाख १८ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले केवलकारको उद्घाटन गर्नुभएको हो । मौलाकालिका केवलकार लिमिटेडका स्टेशन म्यानेजर सुरज पौडेलका अनुसार वैशाख महिनामा



२५ हजारले केवलकार चढेका थिए। यो संख्या जेठमा २६ हजार थियो भने असार र साउनमा केही घटेको उहाँले जानकारी दिनुभयो।

भदौ महिनासँगै संख्या बढ्दै गएको छ । केवलकारले बुधबार दिउँसो २ बजेपछि ५० प्रतिशत शुल्क कम गरेको छ। अन्य समयमा रु पाँच सय ५० शुल्क लाग्ने गरेको छ । केवलकारकारको दूरी पाँच मिनेटको छ। केवलकारबाट झरेर पैदल यात्रा गरी मन्दिर पुग्न सकिन्छ। केवलकार स्थानीयवासीको सहकार्यमा आइएमइ ग्रुपले निर्माण गरेको हो।

केवलकार बनेसँगै नवलपरासी, चितवन, तनहुँसँगै छिमेकी जिल्ला र बाहिरी जिल्लाबाट घुम्न आएका पर्यटक मन्दिर पुग्ने गरेका छन्। मन्दिरमा बिहान ५ बजेअघि र साँझ घाम डाँडामा पुगेपछि आरती गर्ने गरिन्छ । मन्दिरसँगै सञ्चालनमा रहेको मौलाकालिका संस्कृत विद्यापीठ गुरुकुलमका ३२ जना र पुजारी कर्मचारीसँगै भक्तजनले आरती गर्ने गर्दछन्।

विसं २०५३ मा बनेको मन्दिरको विसं १५७५ देखिको इतिहास छ । सातामा करिब १५ हजारले मन्दिरको दर्शन गर्ने गरेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष शालिकराम सापकोटाले जानकारी दिनुभयो। बर्सेनि १० प्रतिशतले भक्तजनको बढेको उहाँको दाबी छ । नवलपरासी, चितवन, मकवानपुर, धादिङ, तनहुँलगायतका जिल्ला र भारतका विभिन्न स्थानबाट दर्शनका लागि भक्तजन आउने गरेको सापकोटाले बताउनुभयो। मन्दिर आउने पर्यटकमध्ये पाँच प्रतिशत पर्यटक भारतीय रहेको उहाँको भनाइ छ।

करिब पाँच सय वर्ष पहिले पाल्पा राज्यका सैनिक टुकुटीले मौला राखेर शक्तिपीठको पूजा गर्ने भएकाले मन्दिरको नाम मौलाकालिका राखिएको किंवदन्ती छ । करिब २० वर्षयता मात्रै मन्दिरमा भौतिक संरचनाको विकास गरेर भक्तजन भित्र्याउन थालिएको हो।

विशेषतः शनिबार र बिदाका दिन मन्दिरमा तीर्थालुको घुइँचो लाग्ने गरेको छ । हरेक बिहान 'मर्निङ वाक' गर्नेहरूको ठूलै भीड मन्दिरमा हुने गरेको छ। मौलाकालिका मन्दिरमा दर्शन र पूजा गर्नाले मनोकांक्षा पूरा हुने जनविश्वास रहिआएको छ। रासस

# सामुदायिक क्याम्पसलाई 'क्युएए'मा आबद्ध हुन आह्वान

काठमाण्डु । विश्व विद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा देवराज अधिकारीले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन 'क्युएए' प्रक्रियामा आबद्ध हुन सबै सामुदायिक क्याम्पसलाई आह्वान गर्नुभएको छ।

कोटेश्वर बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट 'क्युएए' प्रक्रियाबाट प्रमाणीकरण भएको उपलक्ष्यमा आज आयोजित कार्यक्रममा उहाँले प्रमाणीकरणपछि सोहीअनुरुप गुणस्तर कायम गर्नुपर्ने सुझावसमेत दिनुभयो।

"सामुदायिक क्याम्पसलाई क्युएएको चक्रभित्र प्रवेश गराउँदै गुणस्तर कायम गराउनु आवश्यक छ", उहाँले भन्नुभयो। उहाँले क्युएए प्रमाणीकरण गरेको प्रत्येक वर्ष अनुगमन गर्ने जानकारी दिँदै सोहीअनुरुप गुणस्तरलाई कायम राख्न क्याम्पस एवं विद्यार्थीलाई सुझाव दिनुभयो।

समारोहमा त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार प्राडा पेशल दाहालले सामुदायिक क्याम्पसको गुणस्तर बढ्दै गएको बताउनुभयो । उहाँले भन्नुभयो, "क्युएए प्रमाणीकरण भएका सामुदायिक कलेजप्रतिको हेर्ने नजरमा परिवर्तन आएको छ।" रजिस्ट्रार प्राडा दाहालले शैक्षिक संस्थामा प्राज्ञिक गतिविधिबाहेकका वैकल्पिक प्रभाव पर्न नदिन सुझावसमेत दिनुभयो।

कोटेश्वर बहुमुखी क्याम्पस प्रमुख गोविन्दबहादुर कार्कीले क्याम्पस र विद्यार्थीको मेहनतका कारण गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाको प्रमाणीकरण प्राप्त भएको जनाउँदै क्याम्पसको समग्र गुणस्तर उकास्ने कार्यमा निरन्तर अगाडि बढेको बताउनुभयो। रासस


# सिट रिक्त रहेको सूचना

**प्रकाशन मिति : २०८०।०५।२५ गते**

प्रा.शि. तथा व्या.ता. परिषदबाट सम्बन्धन प्राप्त यस संस्थामा शैक्षिक सत्र २०८०/०८१ मा भर्नाका लागि मेडिकल ल्याब टेक्नोलोजी तथा आयुर्वेद सामान्य चिकित्सा (AHA) कार्यक्रममा उत्तिर्ण भई मुख्य सूचीमा रहेका परिक्षार्थीहरु भर्नाका लागि तोकिएको म्याद भित्र भर्ना हुन नआई निम्न बमोजिमको सिट रिक्त रहेको हुँदा यसै संस्थाको मेडिकल ल्याब टेक्नोलोजी (CMLT) कार्यक्रम नतिजाको पास लिष्टमा रहेका परिक्षार्थीहरुले नामाङ्कनका लागि यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्र निवेदन दिनु हुन जानकारी गराईन्छ। साथै आयुर्वेद चिकित्सा (AHA) को लागि स्वास्थ्य तर्फका जुनसुकै कार्यक्रममा प्रवेश परिक्षा दिई पास लिष्टमा रहेका विद्यार्थीहरु नामाङ्कनको लागि निवेदन दिई नामाङ्कन गराउन सकिने छ।

**रिक्त सिट संख्या**

| सि.नं. | कार्यक्रम | रिक्त वर्ग/कोटा | सिट संख्या |
|---|---|---|---|
| १. | मेडिकल ल्याब टेक्नोलोजी (CMLT) | पूर्ण शुल्किय खुल्ला कोटा | १४ |
| २. | आयुर्वेद सामान्य चिकित्सा (AHA) | पूर्ण शुल्किय कोटा | २९ |

**सम्पर्क स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जनकपुरधाम-७, धनुषा

सम्पर्क नं. ०४१-४२१३६२, ९८४४०३८३६७



# श्री राष्ट्रिय माध्यमिक विद्यालय रुपैठ बेल्ही

जनकपुरधाम उ.प.म.न.पा.-२० रुपैठा

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८०/०५/२४**

यस विद्यालयमा रिक्त रहेका विभिन्न पदहरु करार सेवामा पद पुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकताबाट दरखास्त आव्हान गरिन्छ।

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०८०/०८१ | मा.शि.द्वि | Physics | १ | २०००।- |
| २ | २/२०८०/०८१ | मा.शि.द्वि | Chemistry | १ | |
| ३ | ३/२०८०/०८१ | मा.शि.द्वि | Computer Engineering | २ | |
| ४ | ४/२०८०/०८१ | नि.मा.शि.तृ | Computer Engineering | १ | १०००।- |

**परीक्षाको किसिम**:- लिखित प्रयोगात्मक र अर्न्तवार्ता

**दरखास्त दिने अन्तिम मिति**:- २०८०/०६/०८ सम्म

**उमेरको हद**:- ४० वर्ष ननाघेको

**दरखास्त फारम र दस्तुर बुझाउने विधि**:- लिखित निवेदन सहित दरखास्त फारम र दस्तुर विद्यालयमा जम्मा गर्नु पर्ने छ।

**पेश गर्नु पर्ने कागजातहरु**:- शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रतलिपी


**शैक्षिक योग्यता**:- विज्ञापन नं. १ र २ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धीत विषयमा स्नाकोत्तर कम्तिमा द्धितिय श्रेणीमा उर्त्तिण गरेको र अध्ययापन अनुमति पत्र भएको।
विज्ञापन नं. ३ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट MAster in Engineering (M.E) अर्न्तगत Computer Engineering Information Technology Software Engineering/ Computer System Engineering उर्त्तिण गरेको र माध्यमिक तहको अध्ययापन अनुमति पत्र प्राप्त गरेको विज्ञापन नं. ४ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Computer Engineering वा Computer Engineering विषयमा कक्षा १२ उर्त्तिण गरेको

**तलब**:- नेपाल सरकारको प्रचलित कानून बमोजिम

**लिखित परिक्षा मिति**:- सम्पर्क मितिमा तोकिने छ।

**सम्पर्क मिति**:- २०८०/०६/०९

**स्म्पर्क नं.**:- ९८४४१२२७०१, ९८४५३०२४६३




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### सामाजिक सद्भाव कायम गर

नेपालमा पछिल्लो समय धार्मिक सहिष्णुता खलबलिन थालेको छ । सबै धर्मलाई सम्मान गर्ने मान्यता विपरीत केही समुदायका व्यक्तिहरुले एकअर्कालाई होच्चयाएर समाजमा धार्मिक सहिष्णुतालाई बिगार्ने दुष्प्रयास गरिरहेका छन् । केही महिना पूर्व सम्पन्न मोहर्रम, हालै सम्पन्न श्रीकृष्णाष्टमी पर्वको क्रममा दुई समुदायबीच झडप भएको हो । हुन त यो यसै वर्ष मात्र भएको होइन् । विगत वर्षमा पनि दुई समुदाय खास गरी हिन्दू र मुस्लिमबीच विवाद भएको थियो । ढुंगामुढा हुँदा कयौं मानिस र सुरक्षाकर्मी घाइते भएका थिए । पछिल्लो पटक सर्लाही जिल्लाको सदरमुकाम मलंगवामा भएको दुई समुदायबीचको झडप सामान्य भएको छ । तर प्रशासन अझै सतर्क छ । प्रशासनिक सतर्कताको कारण ठूलो अप्रिय घटना हुन सकेन् । मूर्ति सेलाएर फर्किने क्रममा भएको झडपमा केही युवाहरु घाइते भएका छन् । उनीहरु मूर्ति सेलाएर फर्किरहेका थिए । त्यस अघि महोत्तरी जिल्लामा पनि घटना भएको थियो । नेपालमा मुस्लिम अल्पसंख्यकमा गनिन्छ । हिन्दूहरु बहुसंख्यक छन् । नेपालमा क्रिश्चयन धर्मावलम्बीहरु पनि छन् । तर उनीहरुको संख्या मुस्लिमको भन्दा कम छ । २०७४ सालको संविधान जारी हुनु भन्दा पूर्व नेपाल हिन्दू राष्ट्र थियो । संविधान जारी भएपछि नेपाल धर्मनिरपेक्ष राष्ट्र बनेको छ । धर्म निरपेक्ष भए पनि कानुनी रुपमा धर्म परिवर्तन निषेध छ । नेपालमा धर्मानन्तरमा रोक छ । तर लुकी छिपी धर्मानन्तरको काम तीव्र रुपमा भइरहेको छ । अहिले धर्मानन्तरको विषयमा विवाद भन्दा धार्मिक प्रतिष्ठाको विषयमा विवाद भइरहेको छ । मूर्ति सेलाउँदा अथवा मोहर्रम मनाउँदा दुई समुदायबीच धार्मिक विवाद सृजना गर्नु हुँदैन् । धर्मको नाममा भइरहेको असहिष्णु गतिविधिले नेपालको धार्मिक र सामाजिक सद्भाव बिग्रने जोखिम बढ्न थालेको छ । नेपाल हिन्दू राष्ट्र हुँदा पनि मुसलमान अथवा क्रिश्चियन, बौद्ध धर्मावलम्बीहरुलाई क्षति हुने छैन् । पहिले पनि हिन्दू राष्ट्र हुँदा सबै जातिबीच सद्भाव थियो । त्यो सद्भावलाई अहिले पनि कायम राख्नु पर्छ । संसारमा नेपाल एकमात्र हिन्दू राष्ट्र थियो । त्यसले पनि संसारमा विशिष्ट पहिचान बनेको थियो । नेपालको सम्मान र स्वाभिमान बढ्दा सबै जात र धर्मावलम्बीहरुको मान स्वभाविक रुपमा बढने छ । नेपालमा अनेकतामा एकता छ । सबै धर्मलाई सबैले सम्मान गर्नुपर्छ । एकअर्काको धार्मिक, सांस्कृतिक कार्यक्रममा सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ । धर्मको विवादमा व्यक्ति भन्दा राष्ट्रलाई ठूलो क्षति हुनेछ ।

# सहिष्णुता र सद्भावका कुरा



रोशन जनकपुरी

गत हप्ताका केही घटनाहरु चिन्तित गर्ने खालका छन् । धार्मिक उत्सवमा दुई समुदायबीच उत्पन्न तनावले सर्लाहीमा प्रशासनले कर्फ्यु समेत लगाउनु पऱ्यो । त्यसरी नै केही हप्ता पहिले मन्दिर सामू चर्च बनाएको भनेर दुई समुदायबीच झडपकै स्थिति सृजना भयो । त्यसैमा एउटा धर्मले निषेध गरेको वस्तु अर्को धार्मिक समुदायकाले खाएको दृश्य सामाजिक सञ्जालमा सार्वजनिक भएपछि साधु सन्तहरु थप आक्रोशित भएर नारा जुलूस नै लगाए । त्यहाँपनि प्रशासनले कर्फ्यु नै लगाउनु पऱ्यो । तर आक्रोशित धार्मिक समुदायले धरानमा नारा जुलुस गर्न नपाएर इटहरीमा गरे ।

जहाँसम्म चर्च निर्माणको विषय छ, यो ऐलानी जग्गामा अनुमति बेगर संरचना निर्माण गरेर सरकारी स्वामित्वको जग्गा अतिक्रमण गरेको विषय थियो । यसमा सामेल दोषीहरुलाई सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी मुद्दा लाग्नु पर्ने थियो । तर धार्मिक निहुँले गर्दा यो विषय ओझेलमा पऱ्यो, र दोषीहरु सजिलै उम्कन पाए । यससंगै धार्मिक उत्तेजनाले समाजलाई थप तनावग्रस्त तथा विखण्डन तर्फ धकेल्यो । तपाँईले ध्यान दिनु भयो धर्मका नाममा सार्वजनिक जग्गा र सम्पत्तिहरु माथी विविध असमाजिक तत्वहरुले सहजै कब्जा गर्न सफल भै रहेका छन् । यो प्रवृत्तिका मानिसहरु प्रायः सबै धर्म र सम्प्रदायमा पाइन्छन् ।

विगतको केही दशकभित्र धार्मिक संगठनहरु र मन्दिर, मस्जिद, चर्च लगायतका धार्मिक संरचनाहरुको निर्माणमा वृद्धि भएको छ । धर्म निजी आस्थाको विषय भएको, तर कसैले विगतमा बलात् वा फकाएर धर्मपरिवर्तन गराउनुलाई नेपाली सम्विधान र कानूनले दण्डनीय अपराध भनेको छ । तर पञ्चायतकाल र बहुदलियकालमा गोप्यरुपमा क्रिस्चियन प्रचारकहरुले नेपालमा चर्च स्थापना तथा धर्म प्रचार गर्दै आएका छन् । यस प्रचारबाट भ्रमित भएर वा स्वप्रभावित भएर क्रिस्चियन धर्म स्वीकार गरेको नेपालमा पनि एउटा सानो समुदाय छ । चितवनमा एकजना नेपालीभाषी पहाडिया मूलका क्रिस्चियन धर्मावलम्बी युवाले आफू तीन पुस्तादेखी यस धर्ममा रहेको भनेको सामाजिक सञ्जालमा देखियो । त्यसैले विविधकारणवश क्रिस्चियन धर्म स्वीकार गरेको एउटा सानो जमात नेपालमा छ, भनेर स्वीकार गर्नु उचित नै हुन्छ । देशमा धार्मिक खुलापनको कारणविगतमा लुकीलुकी प्रचार गर्ने क्रिस्चियन प्रचारकहरु गणतन्त्र आएपछिको राजनीतिक अराजकताको फाइदा उठाएर खुलेर नै प्रचार गर्न थालेका छन् र कयौं ठाउँमा लोभ लालच र भ्रम सिर्जना गरेर धर्मपरिवर्तन गराउन खोजेका खबरहरुपनि सुनिन्छन्, सामाजिक सञ्जालमा देखिन्छन् ।तुलनात्मकरुपमा तराई मधेशभन्दापनि पहाडका आदिवासी समुदायबाट क्रिस्चियन धर्मपरिवर्तन गर्नेको संख्या बढी छ । यद्यपि केही दशकदेखी तराई मधेशमापनि उनिहरुको गतिविधि बढेको देखिन्छ ।

नेपाली समाजमा विचार गर्ने हो भने मुस्लिमबाट क्रिस्चियन धर्ममा गएको खोज्न गाह्रो छ । पहाडमा धार्मिकता भन्दापनि पितृपुजालाई नै आफ्नो संस्कृति ठान्ने, खुला स्वाभावका आदिवासीहरु तथा जातियविभेदयुक्त हिन्दु धार्मिक सांस्कृतिक समुदायबाट क्रिस्चियन धर्म अँगाल्ने बढी छन् । यद्यपि पहुँच नभएका, गरिब र अति दलित समुदाय (डोम, हलखोर, चमार आदि)मा धर्मपरिवर्तन कमै भएको देखिन्छ । क्रिस्चियनिटीको प्रचार प्रसारमा नेतृत्व गरिरहेकोमा पहाड र मधेश दुबैतिरका अभिजात्यवर्ग शिक्षित र चलाकहरु नै बढी देखिन्छन् । यिनीहरुकै प्रभावमा परेर सोझा र अबोध जनताहरु भ्रमित हुने गर्छन् ।

तर नेपालमा क्रिस्चियन धर्मावलम्बीहरुमा पनि हिन्दु वर्णाश्रमीविभेदका चिन्हहरु कायमै देखिन्छन् । नेपालका कयौं धर्मगुरु, अगुआ र अन्य समेतको नाम क्रिस्चियन शैलीका भएपनि ढकाल, पौडेल, श्रेष्ठ, झा, यादव, मण्डल आदि जातीय थरहरु यस्का उदाहरण छन् ।सम्भवतः यसैकारण सामाजिक सामुदायिक धरातलमा यी हिन्दु क्रिस्चियनहरु आ-आफ्ना जातीय समुदायमा नै विभाजित देखिन्छन् । यसरी नेपालमा क्रिस्चियनिटी संस्कृतिभन्दापनि आर्थिक अवसरको रुपमा बढी विकसित भैरहेको छ । यसै बिन्दुमा पश्चिमा साम्राज्यवादीहरुको आर्थिक र कूटनीतिक स्वार्थ क्रिस्चियनीटीको प्रसारसंग जोडिन पुग्छ । यद्यपि नेपालमा हिन्दु समुदायबाट अन्य धर्ममा धर्मपरिवर्तनका प्रमुख कारणहरुमा हिन्दु धर्मभित्रको वर्णाश्रमी असमान श्रेणी र जातीय भेदभाव तथा हेपाईपनि हो भन्ने यथार्थबाट मुख लुकाउन सकिँदैन ।

यद्यपि वर्तमानमा मूख्य चुनौतीको रुपमा देखिएको हिन्दु र मुस्लिम, तथा हिन्दु र प्रकृतिधर्मी आदिवासी समुदायबीचको तनावको स्थिति हो । हिन्दु, बौद्ध, जैन, सिख, प्रकृतिधर्मी आदिवासी जनजाति र मुस्लिम समुदाय दक्षिण एसियाका देशहरुमा ऐतिहासिकधारामा अन्तर्संघर्ष र अन्तर्घुलनबाट विकसित स्वाभाविक साझा समुदायहरु हुन् । नेपालको सामाजिक संरचनापनि यसबाट भिन्न छैन । यसैकारण सांस्कृतिकरुपमा पहाडमा हिन्दु, प्रकृतिधर्मीहरु, र बौद्ध तथा तराई मधेशमा हिन्दु, बौद्ध, जैन, सिख र मुस्लिमहरु गुजमुजिएर बसेका छन् । (नेपालमा अत्यन्त सानो र पश्चिमा प्रभावका कारण विकसित क्रिस्चियनहरु यस ऐतिहासिकधाराका सबैभन्दा नयाँ समुदाय हुन्) यी ऐतिहासिक सांस्कृतिक अन्तर्संघर्ष र अन्तर्घुलनको परिणामको रुपमा सबै धर्म र संस्कृतिका पात्रहरु र भूगोल सम्मिलित लोकगाथा र लोकगीतहरु प्रायः सबै धार्मिक सांस्कृतिक समुदायमा पाइन्छन् । यी विविध धार्मिक सांस्कृतिक अन्तर्घुलनको कारण सांस्कृतिक मात्र होइन, अर्थ राजनीतिक आवश्यकता तथा बाध्यताहरुपनि छन् ; जस्तै हिन्दु धर्मामवलम्बी राजाको राज्यमा मुस्लिम, बौद्ध वा अन्य धर्मावलम्बी अथवा बौद्ध वा मुस्लिम शासकहरुको शासनमा हिन्दु वा अन्य धर्मावलम्बीहरुको उपस्थिति ।

तराई मधेशका लोकगाथाहरुमा सल्हेसको गाथामा सल्हेसको मित्र मीर सुल्तान (मिरा)लाई देउताको स्वीकृति, मलंगबाबाहरुलाई सिद्धपुरुषको दर्जा, त्यस्तै भोटिया (तामाङ्ग, मगर) धामीहरु, तथा मगर र तामाङ्गका संस्कारगीत र सांस्कृतिक उत्सवहरुमा हिन्दु धार्मिक आख्यानहरुको प्रभाव, त्यसरी नै मुस्लिमहरुको विवाहमा कोहबरगीत तथा सिन्दुरको प्रयोग, त्यसरी नै मुस्लिमहरुले बनाउने चुरा र लाखको लहठी हिन्दु महिलाहरुको सधवा (विवाहित) भएको प्रतीक चिन्ह ; यस्ता धार्मिक अन्तर्घुलन र सहिष्णुताको बयान हजारौं पृष्ठमा गरेपनि सकिँदैन ।

हुन त इतिहासमा मानवकेन्द्रित विचारहरु, चर्च, मन्दिर, मस्जिद र देवकेन्द्रित विचार र संरचनासंग सम्बन्धविच्छेद गरेर विकसित वैज्ञानिक र मानवीय विचारधारा हो । यस अर्थमा धर्म संकीर्ण दृष्टिकोण र मानवीयता उदार चेतना हो । तरपनि राजनीतिक संघर्षका अगुआहरुले धर्म र संस्कृतिका उदार सन्दर्भहरुलाई नयाँ अर्थमा व्याख्या गर्दै धर्म र संस्कृतिको मानवीयतामुखी उदार व्याख्या गरे । हजारौं वर्षदेखि धार्मिक युद्ध र उत्पीडनबाट दिक्क समुदायहरुको निम्ती धर्म र संस्कृतिका यी मानवीय उदार व्याख्याहरु राहत जस्तै थियो ।

यसकारण बीसौं शताब्दीमा सामाजिक र अर्थ राजनीतिकरुपमा समेत धर्म र संस्कृतिका यी व्याख्याहरु अत्यन्त लोकप्रिय थियो ।सबै धर्महरुको सार एउटै हो, ईश्वर-अल्लाह-गौड सबै प्रकृतिको एउटै नियन्ताको फरक फरक नाम मात्र हो, धर्म व्यक्तिको निजी आस्थाको विषय हो, मानवीयताको स्तरमा सबै समान हो, सबैले सबै धर्मको सम्मान समान रुपमा गर्नु पर्छ, भन्ने जस्ता सहिष्णु भावहरु यस्तै साझा सहअस्तित्वको परिणाम हो ।सामाजिक विकास र अग्रगामिताको निम्ती यो आवश्यकपनि हो । यस उदार धार्मिकता तथा सांस्कृतिकताको लोकप्रियताको कारण संकीर्ण र जड धार्मिकतावादीहरु ओझेलमा परे । आर्य समाजका प्रवर्त्तक महर्षि दयानन्द सरस्वती, स्वामी अग्निवेश रओशो (आचार्य रजनीश) लगायत उदार धार्मिक दार्शनिक र सुधारकहरु यसैका उपज हुन् ।

*हुन त इतिहासमा मानवकेन्द्रित विचारहरु, चर्च, मन्दिर, मस्जिद र देवकेन्द्रित विचार र संरचनासंग सम्बन्धविच्छेद गरेर विकसित वैज्ञानिक र मानवीय विचारधारा हो । यस अर्थमा धर्म संकीर्ण दृष्टिकोण र मानवीयता उदार चेतना हो । तरपनि राजनीतिक संघर्षका अगुआहरुले धर्म र संस्कृतिका उदार सन्दर्भहरुलाई नयाँ अर्थमा व्याख्या गर्दै धर्म र संस्कृतिको मानवीयतामुखी उदार व्याख्या गरे । हजारौं वर्षदेखि धार्मिक युद्ध र उत्पीडनबाट दिक्क समुदायहरुको निम्ती धर्म र संस्कृतिका यी मानवीय उदार व्याख्याहरु राहत जस्तै थियो । यसकारण बीसौं शताब्दीमा सामाजिक र अर्थ राजनीतिकरुपमा समेत धर्म र संस्कृतिका यी व्याख्याहरु अत्यन्त लोकप्रिय थियो ।सबै धर्महरुको सार एउटै हो, ईश्वर-अल्लाह-गौड सबै प्रकृतिको एउटै नियन्ताको फरक फरक नाम मात्र हो, धर्म व्यक्तिको निजी आस्थाको विषय हो, मानवीयताको स्तरमा सबै समान हो, सबैले सबै धर्मको सम्मान समान रुपमा गर्नु पर्छ, भन्ने जस्ता सहिष्णु भावहरु यस्तै साझा सहअस्तित्वको परिणाम हो । सामाजिक विकास र अग्रगामिताको निम्ती यो आवश्यकपनि हो ।*

हुन त हिन्दु धर्मभित्रको जातपात, ऊँचनीच तथा जातीय भेदभावको आलोचना गर्ने कबीर, रैदास, जोसमनी सम्प्रदाय, सहजयानी बौद्ध सिद्धसन्तहरु लगायतका केही उदार धार्मिकधाराहरु मध्यकालदेखी नै नेपालको तराई मधेश र पहाडमा पाइन्छन् । विशेष गरेर बीसौं शताब्दीमा उदार धार्मिक सांस्कृतिकताको बढदो लोकप्रियताले हिन्दु, मुस्लिम लगायत विविध धर्मका संकीर्ण धर्मगुरु र धर्माचार्यहरुको वर्चस्व कमजोर हुँदै गैरहेको थियो । अर्कोतिर नयाँ राजनीतिक परिवर्तनहरुको कारण पारम्परिक सामन्ती राजनीतिकशक्तिहरुले राजनीतिक र सामाजिक दुबै वर्चस्व गुमाउनु परेको थियो ।

यसले पारम्परिक सामन्तवादी तत्व र संकीर्ण धार्मिकतत्वहरुलाई एकजुट गरि दियो । हाम्रो वर्तमान धार्मिक सांस्कृतिक तनावको कारणपनि यही हो । संकट के छ भने हाम्रो राजनीतिक परिवर्तन सांस्कृतिक र सामाजिकस्तरमा कमजोर स्थितमा नै छ । कयौं गणतन्त्रवादी राजनीतिक दल तथा सामाजिक समुदायभित्रपनि सांस्कृतिकस्तरमा पुरानो धार्मिक सांस्कृतिक चेतना, जातीयताको गर्व, ऊँचनीच तथा जातीय भेदभाव विद्यमान नै देखिन्छ । पुरातन सामन्तवादीशक्तिहरुको निम्ती गणतन्त्रवादी धर्मनिरपेक्षतावादी राजनीतिक र सामाजिकताभित्रको यो पछौटे चिन्तनले बल पुऱ्याउँछ ।

केही दिन पहिले एउटा जातीय सम्मान कार्यक्रममा एउटा जातिविशेषका राजनीतिक र बौद्धिक अगुआहरु सम्मानितगरिएका थिए । यस्मा, राजनीतिकरुपमा एक अर्काका विरोध गरिरहेका नेपाली काँग्रेस, एमाले, माओवादीकेन्द्र, जसपा, जनमत लगायत विविध पार्टीका सांसद र नेताहरु सामेल थिए । एकातिर जातपातको विरोध गर्ने र अर्कोतिर यस्ता जमघटलेदलहरु बीचको राजनीतिक विरोधलाई नक्कली बनाउँछ, भने जनताबीच राजनीतिप्रति अविश्वास र उदासीनता जन्माउँछ । प्रतिगामी र सामाजिक विखण्डनवादीशक्तिहरुले यसैको फाइदा उठाउँछन् र आफ्ना पुरानो गुमेको स्वर्ग फर्काउन समाजमा अस्थिरता फैलाउँछन् ।गत हप्ता नेपाली काँग्रेसको सहमहामन्त्री महेन्द्र यादवमाथी खुकुरी प्रहार गर्नेले राजनीतिक दलहरुको जनविरोधी चरित्रको आलोचना गर्नु, आक्रोश व्यक्त गर्नु तथा राजतन्त्रको नारा लगाउनु यस्को सटिक उदाहरण हो ।निश्चय नै अहिलेको राजनीतिक दलहरु भित्र देखिने सत्ता लिप्सा, भ्रष्टाचार र अर्थ लोलुपता राम्रो होइन, तर यस्को विकल्प राजतन्त्र र धार्मिक राज्य पक्कै हुँदैन । राजतन्त्र र धार्मिकताको तुलनामा गणतन्त्र र धर्मनिरपेक्षता निश्चय नै अग्रगामिता हो । तपाँईले ध्यान दिनु भयो भने पहाडमा होस वा तराई मधेशमा, जुनसुकै धर्म र संस्कृतिको होस, धार्मिक तनाव बढाउन अगुआको रुपमा देखिनेहरु तार्किकभन्दापनि प्रायः उच्छृंखल चरित्रका बढी देखिन्छन् । उल्लेखनीय के छ भने संकीर्ण धार्मिकतावादी अगुआहरु मध्ये अधिकांश गणतन्त्र र संघीयतालाई बदनाम गर्न तथा पुरानो राजतन्त्रको महिमागान गर्नेहरु बढी छन् ।

समग्रमा देशमा देखिएका धार्मिक उन्माद र तनावहरु पुरातनपन्थीहरुको निम्ती फलदायी छ । यो गणतन्त्रवादीशक्ति तथा वर्तमान राज्यसत्ताको उदासीनता तथा असक्षमता नै हो कि पुरातनपन्थी तथा संकीर्ण धार्मिकशक्तिहरुले उन्मादपूर्ण तर्कहरुले सोझा जनतालाई प्रभावित गरिरहेका छन् । आखिर यिनै जनसमुदायहरु हुन्, जसले साझा संस्कृतिको निर्माण गरेका छन् । तर भ्रमपूर्ण उन्मादित तर्कहरुमा भ्रमित हुनेगर्छन् । यद्यपि सामाजिकस्तरमा सांस्कृतिक सहिष्णु हार्दिकता अहिलेपनि देखिन्छ । यस्तोमा गणतन्त्रवादी र धर्मनिरपेक्षतावादी शक्तिहरु सामाजिक सांस्कृतिकस्तरमा एकजुट हुनुपर्छ । यस्ता सम्वेदनशील मामिलाहरुमा प्रशासन प्रायः एक्लै देखिने गर्छ । उनिहरुले तात्कालिकरुपमा कर्फ्यु वा अन्य कुनै निषेधात्मक उपायहरु अवलम्बन गर्छन् । तात्कालिकरुपमा यो आवश्यकपनि हुन्छ । तर समाजमा प्रतिगामीशक्तिहरु तथा सामाजिक विखण्डनवादीशक्तिहरुको बढदो प्रभाव रोक्न राजनीतिक र सांस्कृतिकरुपमा साझा प्रयासको आवश्यकता हुन्छ ।

यसकारण राज्यसत्ताले सबै धर्मका अगुआ र धर्माचार्यहरुको संयुक्त सञ्जाल विकसित गर्नु पर्छ, जस्ले सबै धार्मिक सांस्कृतिक समुदायमा सबै धर्मको सार एउटै हो, सबै धर्म समान हुन् र धार्मिक सांस्कृतिक व्यवहारहरु मात्रै भिन्न हुन्, जस्ता सहिष्णु तर्कहरुसामुदायिकस्तरमा प्रसार गरोस । धार्मिक गुरु वा धर्माचार्यहरु छन् भने उनको समुदायमा सदभाव र सहिष्णुता जन्माउ सक्नुपनि उनिहरुको योग्यतामा पर्नु पर्छ । अहिले त सामाजिक सदभावको दायित्व बोकेका धर्माचार्य, मुल्ला र पादरीहरु स्वयं उत्तेजना फैलाउनमा व्यस्त देखिन्छन् । तर यस्को निम्ती सत्ता, राजनीतिक तथा सांस्कृतिक अगुआहरुले माथिल्लोस्तरबाट शुरुआत गर्नु पर्छ ; र यो इमान्दार र जनपक्षधर धर्मनिरपेक्ष चरित्रबाट शुरु हुन्छ ।

# खरायो पालनले सिर्जना गरेको रोजगारी

शुरबहादुर सिंह

एक दशकअघि कर्णालीका नागरिकलाई कालापहाड (भारत) बाहेक खाडी मुलुक भन्ने थाहै थिएन । मजदूरीका लागि उनीहरु छ महिना कालापहाडमा जान्थे । विशेष परिस्थितिमा बाहेक छ महिनापछि उनीहरु घरमै फर्कन्थे । केही वर्षयता भने यहाँका युवा खाडी मुलुकमा छिर्न थालेका छन् ।

पछिल्लो समयमा रोजगारका लागि युवा विदेशिने क्रम बढ्दै गएको छ । स्वदेशमा रोजगारीका अवसर नपाएको भन्दै खाडी मुलुकतर्फ बर्सेनि हजारौं युवा हानिनेक्रम रोकिएको छैन । मजदूरीका लागि विदेशिनुपर्ने बाध्यता त छ नै तर केही वर्षयता अर्काको देखासिकी र लहडमा पनि रोजगारीका लागि भन्दै बाहिरिने क्रम बढेको छ । स्वदेशमै बसेर राम्रैसँग रोजगारी गर्न सकिन्छ भन्ने कमै युवालाई विश्वास छ । आफ्नो देशमा भविश्य नदेखेका युवाहरुको माझ श्रम र पसिना चुहाएर काम गऱ्यो भने स्वदेशमै कमाउन सकिन्छ भन्ने एउटा गतिलो उदाहरण जुम्ला चन्दननाथ नगरपालिकाका स्थानीयवासी बनेका छन् ।

सुरुका दिनमा घरमा एक/दुई वटा खरायो पाल्ने जुम्ला चन्दननाथ नगरपालिका-८ तलिउम गाउँवासी अहिले व्यावसायिकरुपमा खरायोपालनमा लागेका छन् । विसं २०५८ मा सोही वडाका गोरबहादुर रोकायले कर्णाली प्राविधिक शिक्षालय घुघुती जुम्लाबाट एक जोडी अङ्गोरा जातको खरायो ल्याएर पाल्न सुरु गर्नुभएको थियो । पछि उहाँबाट एक/दुई घर हुँदै अहिले दुई सय ५० भन्दा बढी घरधुरीले खरायो पालेका छन् । अहिले उनीहरु हरेकको घरमा करिब डेढ सय वटा खरायो छन् । तत्कालीन समयमा सोखका लागि खरायो पाल्न सुरु गरेका तलिउमवासीले अहिले आफ्नो सोखलाई व्यवसायमा परिणत गरेका छन् । करिब एक हजार दुई सय घरधुरी भएको उक्त वडामा दुई सय ५० बढी घरधुरीमा गरिएको खरायोपालन र टोपी, मफ्लर बुन्ने उद्यमबाट अन्य गाउँवासीले पनि लाभ लिएका छन् ।

मासुका लागि केही मात्रामा अन्य जातका खरायो पालिएको यस वडामा अहिले टोपी उत्पादनका लागि अङ्गोरा खरायोपालनमा विशेष जोड दिइएको छ । टोपीले नेपाली बजार लिएपछि नगरपालिका-८ का वासिन्दा यो व्यवसायमा आकर्षित हुँदै गएका छन् । उनीहरुले बुनेको प्रतिटोपीको बजार मूल्य रु.तीन हजारदेखि चार हजारसम्म छ, जुन कर्णाली पुग्ने हरेक उच्च अधिकारीले खोजीखोजी किन्ने गर्दछन् ।

खरायोपालन व्यवसाय र त्यसले सिर्जना गरेको रोजगारीले कालापहाड जाने बाध्यता हटाएको चन्दननाथ नगरपालिका-८ स्थित झुमकला फलफुल नर्सरी एण्ड पशुपालन फर्मका तलिउम सञ्चालक खड्गबहादुर बुढाले जानकारी दिनुभयो । उहाँले आफ्नो फर्ममा डेढ सयभन्दा बढी खरायो पालेको बताउनुभयो । "मैले २०५८ सालदेखि खरायो पाल्न सुरु गरेँ । खरायोपालन गरेयता कालापहाड जाने बाध्यता हट्यो," उहाँले भन्नुभयो, "अहिले यसको आम्दानीबाट नै घर परिवारको सबै समस्या हल भएको छ ।"

उहाँले यसअघि घरेलु विकास समितिबाट बुनाईसम्बन्धी तालिम लिएर गाउँका महिला पुरुषलाई उक्त सीप हस्तान्तरण गर्दा उनीहरुले पनि बुनाईसम्बन्धीको काम सिकेको बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँका पुरुषसहित नानु शाही, राममाया बुढा, रुपादेवी रोकाय, नाक्च्या धरालालगायतका महिलाले पनि टोपी बुन्दै आएका छन् । सीपसँग कमाई हुन थालेपछि यसमा उनीहरु निकै प्रफुल्लित छन् ।"

बुढाका अनुसार खासमा यो व्यवसाय गर्न त्यति कठिन छैन । एउटा टोपी बुन्न दुईदेखि तीन दिनसम्म लाग्छ । बाटोमा हिंड्दै गर्दा, गाउँघरको कचहरीमा बस्दा पनि सजिलै यो टोपी बुन्न सकिन्छ । यसका लागि एकै ठाउँमा बस्नुपर्छ भन्ने हुँदैन । गफ गर्दै पनि आफ्नो काम गर्न सकिन्छ । खरायोले अधिकतम् घाँस खान्छ, धेरै दानापानी पनि धेरै नचाहिने सकसानहरु बताउँछन् । जङ्गली जनावरबाट जोगाउन भने होसियारी अपनाउनु पर्दछ । छोटो समयमै यसले बच्चा दिन्छ । तीन महिनामा एकपटक ऊनका लागि मुड्ने गरिन्छ ।

विगत १७ वर्षदेखि खरायो पाल्दै आउनुभएका सोही वडाका पदमबहादुर रोकायाले खरायोपालन व्यवसायले जीविकोपार्जनमा ठूलो सहयोग पुऱ्याएको बताउनुभयो । उहाँको रोकाया खरायोपालन उद्योगमा हाल ९० वटा खरायो छन् । सोही गाउँका भैरव धरालाको पनि भुवानी कृषि तथा पशुपंक्षी पालन उद्योग छ । उहाँको उद्योगमा ८० खरायो छन् । यसले आफ्नो परिवारसहित गाउँका अन्य नागरिकलाई पनि रोजगारमा सहयोग पुऱ्याएको उहाँको भनाइ थियो ।

रोकायलाई गत आर्थिक वर्ष २०७९/८० मा पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लबाट रु.एक लाख २८ हजार अनुदान दिइएको थियो । उहाँसहित चन्दननाथ पाँचजना खरायोपालक किसानले अनुदान पाएका थिए । प्राप्त अनुदानमा उनीहरुले शतप्रतिशत रकम थपेर उद्योगमा लगानी गर्दा राम्रै आम्दानी लिन सफल भएको रोकायले जनाउनुभयो । किसान रोकाय र धरालाका अनुसार तलिउम गाउँले वार्षिक रु.४२ लाख बराबरको टोपी बेच्ने गर्दछ ।

खरायोपालक किसानका अनुसार सामान्यतया तीन महिनाको अन्तरालमा खरायोको ऊन मोड्न उपयुक्त मानिन्छ । दुईदेखि पाँचवटा खरायोको ऊन सङ्कलन गरेपछि एउटा टोपीका लागि आवशयक ऊन पुग्दछ । तयार भएको एउटा टोपी रु.तीन हजार पाँच सयमा गाउँमै बिक्री हुन्छ । स्वरोजगारीले छिटफुट युवा बाहेक दुई दशकदेखि उनीहरुलाई कालपहाड र खाडी मुलुक जानुपरेको छैन ।

खरायो पालनबाट जुम्लाका थुप्रै किसानले राम्रो आम्दानी लिन थालेका छन् । खरायोको ऊनबाट बनेको टोपीले जुम्लामा स्वरोजार हुनेको संख्या बढ्दै गएको छ । खरायोको ऊनबाट गुणस्तर टोपीहरु बन्ने र बजार माग राम्रो भएकाले धेरैका लागि खरायोको व्यवसाय उत्तम देखिएको हो । खरायोपालक किसानहरुका अनुसार मासु र टोपीबाट मासिक १५ हजार आम्दानी हुने गरेको छ । चन्दननाथ नगरपालिका तलिउम गाउँका धेरैले खरायोको टोपी व्यवसायको प्रमुख माध्यम बनाइरहेका छन् । उनीहरुले पनि मासिक बीस हजार तथा वार्षिक रु.दुई लाख ४० हजारसम्म खरायोको टोपीबाटै आम्दानी गर्दै आएका छन् । खरायोको टोपीको आकर्षण बढ्दै गएपछि बिक्री पनि त्यसैगरी बढेको हो । कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्माले चन्दननाथ नगरपालिकाको ८ र ९ वडालाई खरायोपालनको 'हब' बनाउनुपर्ने बताउनुभयो । खरायोपालन गर्ने किसानको समस्या बुझ्न एकसाता अघि उनीहरुको घर जुम्लामै पुग्नुभएका मन्त्री शर्माले प्रदेश सरकारको अर्गानिक अभियानमा सहयोग पुऱ्याउने किसानलाई अनुदान दिइने जनाउनुभयो । "व्यावसायिक खरायोपालनबाट यहाँको आर्थिक समृद्धिमा सहयोग पुग्ने देखिन्छ," उहाँले भन्नुभयो, "साना किसानको जीविकोपार्जनमा सुधार ल्याउन भूमिका खेल्ने किसानका लागि उत्पादनमा अधारित अनुदान दिने कार्यक्रम बनाएका छौं," मन्त्री शर्मा किसानका समस्या उनीहरुकै मुखबाट सुन्नका चन्दननाथ नगरपालिका तलिउम गाउँका खरायोपालक किसानको घरआँगनमै पुग्नुभएको थियो ।

उहाँले जुम्लालाई भेडा र खरायोको ऊनमा अनुदान दिइने बताउँदै चन्दननाथ ८ र ९ वडालाई खरायो उत्पदान स्रोत केन्द्रको रुपमा स्थापना गर्न किसानलाई अनुरोध गर्नुभयो । तलिउम गाउँमा ऊनका लागि अङ्गोरा जातको खरायो पाल्ने गरिएको छ । कृषिमन्त्री शर्माले जुम्लामा भइरहेको खरायोपालन व्यवसायप्रति प्रदेश सरकारको ध्यानाकर्षण भएको बताउनुभयो । पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाका प्रमुख ज्ञानेन्द्रसिंह बुढ्थापाका अनुसार चन्दननाथ-८ का सबैको घरमा पाँचदेखि २० वटासम्म खरायो पाल्दै आएका धेरै किसानले उद्योगमा दर्ता गरेका छैनन् । उहाँले भन्नुभयो, "तलिउम गाउँ खरायोपालनका लागि प्रख्यात भइसकेको छ । व्यवसायीकरण गर्न हामी लागिपरेका छौं । स्थानीयस्तरमा बनेको टोपीले राम्रै बजार लिएको छ ।''

### धेरैको रोजाइमा खरायोको टोपी

जुम्लामा स्थानीय तथा राष्ट्रियस्तरका जुनसुकै कार्यक्रममा आउने अतिथिलाई मौसमअनुसार स्याउको पोटिलो दाना दिएर स्वागत गरिन्छ भने बेमौसममा साँस्कृतिक प्रयोगमा आउने वस्तुहरुले । यहाँ आउने सबै पाहुनालाई उपहारका रुपमा खरायोको टोपी मायाको चिनो स्वरुप प्रदान गर्ने गरिन्छ । जुम्ला पुग्ने धेरैका लागि खरायोको टोपी रोजाइको विषय बन्दछ । जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार धिमिरेले जुम्लाको खरायोको टोपी पहिचान बनेको बताउनुभयो । उहाँले जिल्लाका सरकारी कार्यालयका प्रमुख, उच्च अधिकारीदेखि स्थानीय बासिन्दा तथा घुम्न आउने पर्यटकहरुले समेत कर्णालीबाट फर्किदाको चिनो स्वरुप खरायोको टोपी किन्ने गरेका जनाउनुभयो ।

गाउँका सामान्य किसानहरुले कुनै मेसिन अर्थात प्रविधिजन्य उपकरण प्रयोग नगरी टोपी तयार गर्दछन् । ऊन काट्नेदेखि टोपी तयार पार्न उनीहरुले परम्परागत सीप र कौशल प्रयोग गर्दछन् । पहिरिँदा न्यानो, नरम अनि सान देखिने विशेषता बोकेको जुम्लाको खरायोको टोपीको चर्चा देशैभरि हुन थालेको छ । उच्चपदस्थ राष्ट्रसेवक कर्मचारीकाहरुले खरायोको टोपी खोजीखोजी किन्ने गरेको तलिउम गाउँका स्थानीय युवा धर्मसिंह कठायतले बताउनुभयो । उनीहरुले बुनेको केही टोपी खुद्रा रुपमा बिक्री हुने गरेपनि चन्दननाथ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड जुम्लाले थोक रुपमा खरिद गर्दै आएको छ ।

# जनताका समस्यालाई समाधान गर्न नयाँ ढङ्गले काम गरिरहेको छु : प्रधानमन्त्री दाहाल

विराटनगर । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनताका समस्या साधान गर्न नयाँ ढङ्गले काम गर्न थालेको बताउनुभएको छ । समाजवादी मोर्चा नेपाल प्रदेश समितिद्वारा सोमबार आयोजित 'प्रदेशस्तरीय सन्देशसभा' को उद्धाटन गर्दै उहाँले जनताका समस्यालाई तत्काल सम्बोधन गर्न प्रधानमन्त्री कार्यालयबाट 'हेलो सरकार' कार्यक्रम सञ्चालन भएको जानकारी दिनुभयो ।

हेलो सरकार कार्यक्रमबाट जनताका समस्या समाधान हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले सरकार सामाजिक न्याय र सामाजिक सुरक्षाका विषयमा गम्भीर भएर लागेको बताउनुभयो । सामाजिक सुरक्षा कोषमा हाल तीन लाख ५० हजार वैदेशिक रोजगारमा रहेका युवा आबद्ध भइसकेको र निकट भविष्यमै ४० देखि ५० लाख वैदेशिक रोजगारमा रहेका युवा आबद्ध हुने जानकारी दिँदै उहाँले भन्नुभयो, "सरकार सामाजिक न्यायका लागि निरन्तर काम लागिरहेको छ ।"

मिटर ब्याजीजस्ता नागरिकताका समस्या समाधान गर्न सरकार निरन्तर लागि परेको प्रधानमन्त्री दाहालको भनाइ छ । सरकारले वेथिति, विकृति र भ्रष्टाचारको क्षेत्रमा निडरताका साथ काम गरिहेको बताउँदै उहाँले भन्नुयो, "सन्देशसभाले सरकारलाई नयाँ शक्ति प्राप्त गर्न मद्दत गरेको छ ।" जनताका समस्या र टिप्पणी सुन्नलाई हेलो सरकार २४ घण्टै खुला रहेको बताउँदै प्रधानमन्त्री दाहालले मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सरकारले काम गरिरहेको स्पष्ट पार्नुभयो । प्रधानमन्त्री दाहालले भारत भ्रमणमा जाँदा नेपालको हितमा धेरै काम भएको भन्दै सरकार विगतको भन्दा फरक ढङ्गले काम गरिरहेको चर्चा गर्नुभयो ।



उहाँले छिमेकी राष्ट्र चीनसँगको व्यापार घाटा कम गराउन कृषि र पशुपालनको क्षेत्रमा काम गर्ने भन्दै संयुक्त राष्ट्रसङ्घको सम्मेलनमा जाँदा सेतो हिमाल कालो भइरहेको र यसबाट विश्व समुदायलाई जलवायु परिवर्तन गम्भीर असर परिरहेको भनि जानकारी गराउने बताउनुभयो । प्रधानमन्त्री दाहालले शान्ति प्रक्रियालाई अन्तिम रुप दिन लागेको जानकारी दिँदै सो विषय महत्त्वपूर्ण र दूरगामी रहेको धारणा राख्नुभयो । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधामन्त्री माधवकुमार नेपालले मोर्चाले समाजमा निराशा होइन आशाको सञ्चार गर्न खोजेको बताउनुभयो ।

उहाँले समाजमा रहेका नकारात्मक गतिविधिलाई हटाइ सकारात्मक बनाउने भन्दै मोर्चाले गौरवशाली समाजवादको सन्देश दिइरहेको कुरामा जोड दिनुभयो । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले विगत १६ वर्षमा १३ पटक सरकार परिवर्तनको खेलले मुलुकमा सङ्घीयता र लोकतन्त्र संस्थागत हुन नसकेको भन्दै संविधान प्रदत्त अधिकार प्रदेश सरकारले प्राप्त गर्न नसकेको टिप्पणी गर्नुभयो । समानता र विभेदको आक्रोश जनतामा बढ्न थालेकाले सरकारलाई गम्भीर भएर काम गर्न सुझाव दिँदै उहाँले राजनीतिक स्थिरता नहुँदा शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा पनि नकारात्मक असर परेको उल्लेख गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विपल्व' ले नेपालको स्वाधीतनता र समृद्धिलाई बलियो बनाउन मोर्चा गठन भएको भन्दै देश र जनतालाई समस्या परेका बेलमा मोओवादी एकजुट हुने धारणा राख्नुभयो । मोर्चामा आबद्ध नेता बलदेव चौधरी, प्रवेश हमाल र रकम चेम्जोङले पनि मोर्चाको उपादेयतामाथि प्रकाश पार्नुभएको थियो ।

## वर्तमान सत्तासाझेदार गठबन्धन पाँच वर्ष टिक्छ : प्रधानमन्त्री

विराटनगर । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले वर्तमान सत्तासाझेदार दलबीचको गठबन्धन पाँच वर्ष टिक्ने बताउनुभएको छ ।

सोमबार विराटनगर आइपुग्नुभएका प्रधानमन्त्री दाहालले विराटनगर विमानस्थलमा पत्रकारहरुलाई सङ्क्षिप्त प्रतिक्रिया दिँदै सो टिप्पणी गर्नुभएको हो । प्रधानमन्त्री दाहालसहित समाजवादी मोर्चाको सन्देशसभालाई सम्बोधन गर्न सो मोर्चामा सहभागी नेताहरु पनि यहाँ आइपुग्नुभएको छ । सत्तारुढ दल नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र नेकपा विप्लब समूह आबद्ध समाजवादी मोर्चाद्वारा सोमबार विराटनगरमा सो सभाको आयोजना गरिएको छ ।

सो सभालाई नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल, जसपा अध्यक्ष उपेन्द्र यादव र नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लब' ले सम्बोधन गर्नुहुने कार्यक्रम छ । रासस

## नेपालको सूचना प्रविधि क्षेत्रलाई थप परिष्कृत गर्नुपर्छ : उपराष्ट्रपति यादव

काठमाण्डु । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले नेपाल सूचना प्रविधिको विकाससँग जोडिसकेकाले अब यो क्षेत्रलाई थप परिष्कृत र सुसंस्कृत बनाई उन्नत प्रविधिहरूको प्रयोग गर्दै अगाडि बढ्नुपर्ने बताउनुभएको छ ।

सोमबार आयोजित 'लर्ड बुद्ध एजुकेसन फाउन्डेसन' को रजत जयन्ती समारोहलाई सम्बोधन गर्दै उहा"ले भन्नुभयो, "दुई दशकयता सूचना प्रविधि क्षेत्रमा मुलुकले उल्लेख्य प्रगति हासिल गरे पनि त्यसैमा सन्तोष मानेर हामी बस्नु हुन्न । हामीले यो क्षेत्रलाई थप उचाइमा पुर्‍याउन आवश्यक छ ।"



उपराष्ट्रपति यादवले मुलुकमा सूचना तथा प्रविधि शिक्षामा महत्त्वपूर्ण योगदान पुर्‍याइरहेकामा फाउन्डेसनको उच्च प्रशंसा गर्दै आगामी दिनमा समेत नेपाललाई चाहिने जनशक्ति उत्पादनमा यो संस्था थप प्रतिबद्ध भई सक्रिय रहने विश्वास लिएको बताउनुभयो ।

उहा"ले फाउन्डेसनले चार वर्षयता सातै प्रदेशमा एक/एकजना महिलालाई निःशुल्क शिक्षा उपलब्ध गराएर शिक्षाका माध्यमबाट थोरै भए पनि महिलाको सशक्तीकरणमा योगदान पुर्‍याएकामा खुसी व्यक्त गर्नुभयो । "नेपालमा सूचना प्रविधिको विकाससँगै यस क्षेत्रमा नीतिगत तथा कानूनी आधारशिलाहरू तयार भइसकेका छन । यसको एउटा प्रमाण 'नया" पुस्ता प्रविधिमैत्री' हुनु पनि हो", उपराष्ट्रपति यादवले भन्नुभयो, "प्रविधिको क्षेत्रमा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक छ । भरपर्दो र गुणस्तरीयशिक्षामार्फत सेवा क्षेत्रमा दक्ष जनशक्तिसहितको रोजगारी उपलब्ध गराउन सके मुलुकको आर्थिक विकासमा महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा छ । यो क्षेत्रमा थप विस्तारका लागि थप वातावरण तयार गर्न सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नु पर्दछ ।"

उहा"ले पछिल्लो समय युवाहरू विदेशिने क्रम बढेकामा गहिरो चिन्ता व्यक्त गर्दै स्वदेशमै भविष्य नदेखेर पलायन हुनुपर्ने बाध्यता टार्न व्यावहारिक, सीपमूलक र जीवनोपयोगी शिक्षा हाम्रो आवश्यकता भएको बताउनुभयो । उहा"ले लर्ड बुद्ध एजुकेसन फाउन्डेसनले सूचना प्रविधि क्षेत्रमा २५ वर्षको यात्रा पूरा गर्दै रजत महोत्सव मनाइरहेकामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभयो । रासस

# वैदेशिक रोजगारीका समस्या सम्बोधनका लागि राजदूतसहितको उच्चस्तरीय अन्तर्क्रिया

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले श्रम आप्रवासनसम्बन्धी समस्या र तिनको सम्बोधनमा केन्द्रित रहेर विदेशस्थित नेपाली कूटनीतिक नियोगका प्रमुखहरूसँग अन्तरक्रिया गर्नुभएको छ । सोमबार र मङ्गलबार गरी दुई दिनका लागि आयोजना गरिएको अन्तरक्रियामा १३ देशमा क्रियाशील कूटनीतिक नियोगका प्रमुखहरू उपस्थित हुनुहुन्छ ।

अन्तरक्रियामा कूटनीतिज्ञहरूले अन्तर ाष्ट्रिय श्रम बजारसँग सम्बन्धित समस्या र त्यसको सम्बोधनका विषयमा अन्तरक्रियात्मक रिपोर्ट राख्नुभएको थियो । अन्तरक्रियामा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले श्रम आप्रवासन सवालहरू र कूटनीतिक नियोगको भूमिका विषयमा संक्षिप्त अवधारणा प्रस्तुत गर्नुभएको थियो ।



भण्डारीले प्रस्तुत गर्नुभएको अवधारणापत्रमा श्रम बजार र आप्रवासनसम्बन्धी वर्तमान अवस्था, विप्रेषण र यसको सघन उपस्थिति, द्विपक्षीय श्रम सम्झौता र समझदारी, वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति उल्लेख छ ।

साथै राहत, उद्धार र कल्याणकारी कार्यको सञ्चालन, कानुन प्रतिरक्षाको अवस्था, श्रम सम्बन्ध, आश्रयस्थल, स्थानीय कर्मचारी व्यवस्था, संस्थागत व्यवस्था र श्रम सहचारीको अवस्था, दक्षिण कोरियाको ई-७ भिसा विशेष, जापानको निर्दिष्ट सीपयुक्त कामदारसम्बन्धी अवस्था, अभिलेख नभएका श्रम आप्रवासीको अभिलेखन गर्नेबारे पनि प्रतिवेदनमा समेटिएको छ ।

घरेलु कामदारसम्बन्धी सवाल, सरकार सरकारबीच सम्झौताबाट श्रमिक आपूर्ति, सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धमा, विशिष्टिकृत श्रम, सीप, तालिम र भाषा विशेषको परीक्षणबारे, परामर्शदाताको अधिकतम सेवा शुल्क सम्बन्धमा, विप्रेषण आप्रवाहलाई औपचारिक माध्यमबाट देश भित्र्याउने सम्बन्धमा, शैक्षिक परामर्श र ट्राभल एजेन्सीबाट अनेक स्वरूपमा विदेसिने समस्याबारे, नयाँ श्रम गन्तव्य र श्रम बजारको सम्भावनाबारे, अपेक्षित उपलब्धि र परिणाम लगायतका विषयहरू पनि समेटिएको छ ।

अवधारणापत्रमा श्रम आप्रवासनका मुख्य १० गन्तव्यमा कतार, मलेसिया, साउदी अरब, संयुक्त अरब इमिरेट्स्, कुवेत, बहराइन, दक्षिण कोरिया, ओमान, जापान, रूमानिया रहेको उल्लेख छ । साथै नेपाली श्रमिकले वैदेशिक रोजगारीका क्रममा भोग्नुपरेको विभिन्न समस्या उल्लेख गर्दै त्यसको समाधानका विकल्प प्रस्तुत गरिएको छ ।

अन्तरक्रियामा मागपत्र प्रमाणिकरण, जाँचबुझमा रहेका समस्या, वैदेशिक रोजगारीमा हुने ठगी, कार्यस्थलमा श्रमिकले भोगेका समस्या, मानव तस्करीको समस्या, विदेशमा रहेका कागजातविहीन नेपाली श्रमिकका समस्या, फ्रि भिषा फ्रि टिकटको अवस्था र समस्या, ई-भिसा, सिजनेवल भिसाका समस्या, नेपाली कूटनीतिक नियोगको प्रभावकारितालगायत श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित र विश्वासनीय बनाउने विविध विषयमा छलफल हुनेछ । अन्तर्क्रियामा अष्ट्रियाका लागि नेपाली राजदूत भरत गौतम, ओमानका लागि नेपाली राजदूत डोरनाथ अर्याल, जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्का, जापानका लागि नेपाली राजदूत दुर्गाप्रसाद सुवेदी, दक्षिण कोरियाका लागि नेपाली राजदूत ज्योति प्याकुरेल, मलेसिया लागि नेपाली राजदूत डिल्लीराज पौडेल, कतार लागि नेपाली राजदूत नरेशविक्रम ढकाल सहभागी हुनुहुन्छ ।

साथै बहराइनका लागि नेपाली राजदूत तीर्थराज वाग्ले, पाकिस्तानका लागि नेपाली राजदूत तापस अधिकारी, कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्साल, संयुक्त अरब इमिरेट्सका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्री, साउदी अरेयिबाका लागि नेपाली राजदूत नवराज सुवेदी लगायतले विदेशमा रहेका नेपाली कामदारको अवस्था र त्यसमा सुधार ल्याउन चाल्नुपर्ने कदमहरूबारे आफ्नो रिपोर्टसहितको धारणा राख्नुभएको थियो ।

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारी, परराष्ट्रमन्त्री नारायण प्रकाश (एनपी साउद), प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेल, नेपाल सरकारका सचिवहरू उपस्थित हुनुहुन्छ । अन्तरक्रियामा मङ्गलबार प्रधानमन्त्रीले सम्बोधन गर्ने कार्यसूची रहेको छ । रासस

# राष्ट्रपतिसँग सामसुङ कम्पनीका ग्लोबल प्रेसिडेन्टको भेटवार्ता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसँग कोरियाको सामसुङ कम्पनीका ग्लोबल प्रेसिडेन्ट सिउङ ही पार्कले सोमबार शिष्टाचार भेट गर्नुभएको छ । सो भेटमा राष्ट्रपति पौडेलले कोरियाले गरेको विकासको प्रशंसा गर्दै सूचना प्रविधिका विभिन्न पक्षमा चासो राख्नुभएको थियो । ाष्ट्रपति भवन शीतल निवासमा सोमबार भएको सो भेटमा पार्कले सामसुङ कम्पनीले नेपालमा सञ्चालन गरेको विभिन्न उत्पादन तथा सोसम्बन्धी गतिविधिबारे संक्षिप्तमा जानकारी गराउनुभएको थियो ।



नेपालमा सञ्चालन गर्न सकिने उद्योग, सामाजिक उत्तरदायित्वअन्तर्गत नेपाली विद्यार्थीहरूलाई उच्चस्तरको सूचना प्रविधि सम्बन्धी तालिम तथा भविष्यमा सामसुङ कम्पनी र नेपालबीच हुन सक्ने सहयोग योजना तथा सूचना प्रविधि र औधोगिक उत्पादन सम्बन्धीका योजनाबारे पनि पार्कले सो अवसरमा जानकारी गराउनुभएको थियो ।

सो अवसरमा सामसुङका उपाध्यक्ष द्वय हयुङ वु लि र सुङ जुन पार्क, प्रबन्ध निर्देशक ह्यून लि, नेपालका लागि कोरियाली राजदूत थेयङ पार्क र गोल्छा समूहका अध्यक्ष शेखर गोल्छालगायतको उपस्थिति थियो ।

### स्वदेशमै टिभी उत्पादन र रोजगारीको अवसर

सामसुङ कम्पनीको प्रविधिमा आधारित रहेर गोल्छा समूहले नेपालको नवलपरासीको भूमहीमा पूर्ण टिभी जडान उत्पादन कारखाना सञ्चालनमा ल्याएको पनि सो अवसरमा जानकारी दिइयो ।

गत अप्रिलदेखि सो कारखाना सञ्चालनमा आएको जनाइएको छ । सो कारखाना पूर्ण क्षमतामा सञ्चालन हुँदा वार्षिक एक लाख वटा टिभी तयार हुने तथा एक हजार जनाले रोजगारी पाउनसक्ने बताइएको छ ।

राष्ट्रपति पौडेललाई सामसुङ कम्पनीका ग्लोबल प्रेसिडेन्ट सिउङ ही पार्कले उक्त कुराको जानकारी गराउनुभयो । साथै सामसुङको प्रविधि हस्तान्तरण कार्यक्रमअन्तर्गत पुल्चोक इञ्जिनियरिङ क्याम्पसमा सामसुङ इन्नोभेसन क्याम्पस सञ्चालनअन्तर्गत एक सय जना विद्यार्थीलाई सहभागी गराई दुई वर्षे कार्यक्रम सञ्चालनमा रहेको सो अवसरमा जानकारी दिइयो । राष्ट्रपति पौडेलले प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम, कारखानामा तयार हुने टिभी तथा त्यसबाट यहाँ सृजना हुने रोजगारीप्रति प्रसन्नता प्रकट गर्नुभएको बताइएको छ । रासस

# आफ्नै मान्छेबाट नाजायज दवाव आयो : मन्त्री किराँती

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले मुलुकमा व्याप्त विसङ्गतिहरुलाई पन्छाउन क्रियाशील रहँदैआएकामा आफ्नै मान्छेहरुबाट आफूलाई नाजायज दवाव दिने र घेराबन्दीमा पार्ने काम भइआएको भन्दै त्यसप्रति दुःख व्यक्त गर्नुभएको छ ।

'नेपालका बौद्ध तीर्थस्थलहरु' शीर्षक पुस्तकको आज यहाँ लोकार्पण गर्दै उहाँले मुलुकलाई धोका दिने काम नगर्ने बरु राजिनामा गर्ने बताउनुभयो । "पटक पटकको घेराबन्दी तोड्नुभएका प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डको नेतृत्व विगतमा युद्ध लड्नका लागि मात्र हैन अहिले मुलुकका लागि समृद्धि हासिल गर्न पनि त्यतिकै आवश्यक छ," उहाँले थप्नुभयो ।

पुस्तकका लेखक तथा सम्पादक गेशे थुब्तेन शेराब हुनुहन्छ । बुद्धसँग सम्बन्धित तीर्थस्थलहरु, बोधिसत्वसँग सम्बन्धित तीर्थस्थलहरु र बज्रयान सम्बन्धित तीर्थस्थलहरु गरी तीन खण्डमा विभाजित उक्त पुस्तक अनुसन्धान केन्द्र, लुम्बिनी बौद्ध विश्वविद्यालय, पर्सा र नेपाल बौद्ध महायान केन्द्र गुम्बा, कपनले प्रकाशन गरेको हो ।

नेपाली तथा तिब्बती भाषामा निकालिएका दुबै प्रति पुस्तकको थेरवाद, महायान र बज्रयानका धर्मगुरुहरुको उपस्थितिमा लोकार्पण गरिएको हो । गुरु लोसाङ नाम्ग्याल रिम्पोछेको सभाध्यक्षतामा भएको उक्त कार्यक्रममा लुम्बिनी बौद्ध विश्वविद्यालयका प्रो. सुमन्तराज न्यौपाने तथा इन्टरनेशनल बुद्धिष्ट एकेडेमीका खेन्पो डा. ङवाङ ज्योरदेनले पुस्तकमाथि समीक्षात्मक टिप्पणी गर्नुभएको थियो । रासस


## राष्ट्रिय जनता पार्टी, नेपालको आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन सार्वजनिक

B. YADAV & ASSOCIATES

BhuneshworYadav

Reg.Auditors 4461Ican Membership No. 6762Kha

Pan No. 301012210

COP No. 2474

**INDEPENDENT AUDITORS' REPORT**
**TO THE PROPRITORS OF**
**RASTRIYA JANTA PARTY,NEPAL**

We have audited the accompanying financial statements of the **Rastriya Janta party, Nepal** as of Ashad 31, 2080 and the related statements of income, and cash flows and related schedules for the period then ended thereto. The financial statements are the responsibility of the management.

**Management's Responsibility for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Accounting Standards (NAS). This responsibility includes: designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

**Auditor's Responsibility**

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing (NSA) or relevant practices. Those standards or relevant practices require that we plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free from material misstatement.

An audit includes examining, on a test basis, evidence supporting the amount and disclosures in the financial statements. An audit also includes assessing the accounting principles used and significant estimates made by management, as well as evaluating the overall financial statement presentation.We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

**Opinion**

In our opinion, the financial statements as referred to above present fairly, in all material respect, the financial position of **Rastriya Janta party, Nepal** as of Ashad 31, 2080 and of the results of its operations and its receipt and payment account for the year then ended in accordance with Nepal Accounting Standards (NAS) or relevant practices.

Date:

Place: Janakpur, Nepal

Auditor

**Rastriya Janta Party, Nepal**
**Kendriya Karyalay Babar Mahal Kathmandu**
**Statement of Income & Expenditures**
**For the period from Sharawan 01, 2079 to Ashad 31,2080**

Figure in NPR

| Income | Schedule | Current Year(Rs.) | Previous Year(Rs.) |
|---|---|---|---|
| Revenue Income | 4 | 185,500 | 300,000 |
| Total Income | | 185,500 | 300,000 |
| Expenditures | | | |
| Administrative Expenses | 5 | 170,000 | 250,000 |
| Depreciation Expenses | | 8,438 | 11,250 |
| Total Expenditures | | 178,438 | 261,250 |
| Excess of Expenditure over Income | | 7,063 | 38,750 |
| Previous Year Profit/(Loss) | | - | - |
| Tax Provision | | - | - |
| Net Excess Fund transferred to BS | | 7,063 | 38,750 |

Schedules 1 to 6 form integral part of financial statements.

As per our report of even date

For and on behalf of
Rastriya Janta Party, Nepal

President Treasurer Auditor

Kendriya Karyalay Babar Mahal Kathmandu
Date: 32/04/2080

**Rastriya Janta Party, Nepal**
**Kendriya Karyalay Babar Mahal Kathmandu**
**Statement of Assets and Liabilities (Balance Sheet)**
**As On July 16, 2023 (Ashad 31,2080)**

Figure in NPR

| Particulars | Schedule | Current Year | Previous Year |
|---|---|---|---|
| Fund & Liabilites | | | |
| Fund Balance | 1 | 26,563 | 19,500 |
| Current Liabilities & Provison | 2 | 19,250 | 19,250 |
| Total | | 45,813 | 38,750 |
| Assets | | | |
| Non-Cuurent Assets | | | |
| Fixed Assets | 4 | 25,313 | 33,750 |
| Current Assets | | | |
| Advance & Other Receivables | | - | - |
| Cash and Bank Balance | 3 | 20,500 | 5,000 |
| Total | | 45,813 | 38,750 |

Schedules 1 to 6 form integral part of financial statements.

As per our report of even date

For and on behalf of
Rastriya Janta Party, Nepal

President Treasurer Auditor

Kendriya Karyalay Babar Mahal Kathmandu
Date: 32/04/2080

# भारतीय प्रधानमन्त्री मोदी र साउदी युवराजबीच द्विपक्षीय वार्ता

एएनआई

नयाँदिल्ली। साउदी अरबका युवराज मोहम्मद बिन सलमान अल साउद र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच सोमबार नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको छ। बैठकमा भारतीय विदेशमन्त्री एस जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाललगायत सहभागी थिए। भारतको तीन दिने राजकीय भ्रमणमा आएका साउदी अरबका युवराज तथा प्रधानमन्त्री जी-२० शिखर सम्मेलनमा सहभागी हुनुभएको थियो।



दुवै नेताले रणनीतिक साझेदारी परिषद्को प्रथम बैठकको सह-अध्यक्षता पनि गर्नुहुनेछ।भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र साउदी अरबका युवराजले रणनीतिक साझेदारी परिषद्का दुई मन्त्रीस्तरीय समिति अर्थात् राजनीतिक, सुरक्षा, सामाजिक तथा सांस्कृतिक सहयोग समिति र आर्थिक तथा लगानी सहयोगसम्बन्धी समितिअन्तर्गत भएका प्रगतिको समीक्षा गर्नुहुनेछ।

प्रधानमन्त्री मोदी र साउदी अरबका युवराजबीच राजनीतिक, सुरक्षा, रक्षा, व्यापार र आर्थिक, सांस्कृतिक र जनस्तरको सम्बन्धलगायत द्विपक्षीय सम्बन्धका सबै पक्षमा छलफल हुनेछ।दुवै नेताबीच पारस्परिक हितका क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयमा पनि छलफल हुनेछ। साउदी युवराजका साथ मन्त्रीहरू र वरिष्ठ अधिकारीहरूसहित एक उच्च स्तरीय प्रतिनिधिमण्डल छ। प्रधानमन्त्री मोदीसँग भेटवार्ता गर्नुअघि साउदी अरबका युवराजलाई राष्ट्रपति भवनमा औपचारिक स्वागत गरिएको थियो।

यसैबीच, मोहम्मद बिन सलमानले एक संक्षिप्त वक्तव्यजारी गर्दै जी-२० को सफल अध्यक्षताका लागि भारतलाई बधाई दिनुभएको छ। पत्रकार हरूसँग कुरा गर्दै उहाँले भन्नुभयो, "राम्रो कामका लागि भारतलाई उच्च सम्मान छ। धेरै घोषणाहरू गरिएका छन् जसले हाम्रा देशहरू, जी-२० सदस्य राष्ट्र र सम्पूर्ण विश्वलाई फाइदा पुऱ्याउनेछ।" उहाँले भन्नुभयो, "राम्रो भयो र हामी दुवै देशको भविष्य निर्माण गर्न काम गर्नेछौं।"

जी-२० नेताहरूको शिखर सम्मेलनमा भारत, संयुक्त राज्य अमेरिका, साउदी अरब र युरोपियन युनियनले भारत-मध्य पूर्व-युरोप सामान आपूर्ति र रेलवे कनेक्टिभिटी करिडोर सुरु गर्न ऐतिहासिक सम्झौताको घोषणा गरेका छन्। भारत, संयुक्त अरब इमिरेट्स, साउदी अरब, ईयू, फ्रान्स, इटाली, जर्मनी र अमेरिकासम्मिलित कनेक्टिभिटी र पूर्वाधारमा सहयोगका लागि यो ऐतिहासिक र पहिलो पहल हो।

जी-२० शिखर सम्मेलनमा बोल्दै राजकुमार बिन सलमानले भन्नुभयो, "हामी यस बैठकमा घोषणा गरिएको पहल र आर्थिक करिडोर परियोजनाको एकीकरणको लागि तत्पर छौं। यो महत्वपूर्ण आर्थिक करिडोर स्थापनाका लागि यो चरणमा पुग्न हामीसँग काम गर्ने सबैलाई म धन्यवाद दिन चाहन्छु।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यस सम्झौताले विश्वभर कनेक्टिभिटी र दिगोपनालाई दिगो दिशा प्रदान गर्ने बताउनुभएको छ। यसअघि साउदी अरबका युवराजले सन् २०१९ को फेब्रुअरीमा भारतको राजकीय भ्रमण गर्नुभएको थियो।

# मधेश प्रदेशका चार प्रतिनिधिको टुङ्गो

काठमाण्डु। मधेश प्रदेशले आगामी असोज ५ र ६ गते काठमाण्डुमा हुने नेपाल क्रिकेट संघ(क्यान)को चुनावमा पठाउने चार प्रतिनिधिको टुङ्गो लगाएको छ। सोमबार बसेको मधेश प्रादेशिक संघले केन्द्रको चुनावको लागि अक्षयक सुनिल महासेठ, उपाध्यक्ष पवन कुमार गुप्ता, सचिव आयुष श्रेष्ठ र कोषाध्यक्ष सुवास जयसवाललाई चयन गरेको हो।

उक्त चार जनाले क्यानको चुनावमा प्रदेशको तर्फबाट मतदान गर्नेछन्। मधेश प्रदेशमा क्यानको मान्यता प्राप्त जिल्ला ८ जिल्ला (सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पर्सा र बारा) बाट एक-एक प्रतिनिधि आउनेछन्। हरेक जिल्लाका एक एक प्रतिनिधिले मतदान गर्न पाउनेछन्।

बागमती प्रदेशले अध्यक्ष पारस खड्कासहित ललितपुरका शेखर श्रेष्ठ र मकवानपुरका प्रेमबहादुर क्षेत्रीलाई प्रादेशिक प्रतिनिधि चयन गरेको थियो। क्यान निर्वाचनमा कुल ८८ मत रहेकोमा २ कार्यसमिति पद रिक्त हुँदा ८६ मत हुनेछ।

प्रदेशको हकमा हरेक २ जिल्ला बराबर १ मत प्राप्त गर्नेछन्। हरेक जिल्लाका एक प्रतिनिधिले भोट हाल्न पाउनेछन्। त्यस्तै प्रशिक्षक संघ र अम्पायर तथा स्कोरर संघले भने १-१ मत हाल्नेछन्। क्यान अध्यक्ष जित्न ४४ मत लिनुपर्ने हुन्छ। चतुरबहादुर चन्द नै पुन अध्यक्षमा निर्वाचित हुने उच्च सम्भावना छ।

# ग्लोबल छनोटमा पुग्न नसकेपछि यस्तो भन्छिन् कप्तान रुविना

काठमाण्डु। आइसिसी महिला टि२० विश्वकप एसिया क्षेत्र छनोट खेलेर राष्ट्रिय महिला क्रिकेट टोली स्वदेश फर्किएकोछ। नेपाली क्रिकेट टोली सोमबार बिहान त्रिभुवन विमानस्थल आइपुगेको हो। मलेसियामा सम्पन्न एसिया क्षेत्र छनोटमा नेपाल सेमिफाइनलमा थाईल्याण्डसँग ४६ रनले पराजित हुँदै ग्लोबलमा पुग्न सकेको थिएन। रुविनाले अपेक्षा अनुसार खेल नसकेको बताएकी छिन्।



'हामीले सोचे जस्तो जुन अपेक्षा गरेर खेलाडीहरूलाई जिम्मेवारी दिएर यो भूमिकामा खेल भनेर भनेका थियौं। टिम नयाँ पनि थियो। सिधै धेरै अपेक्षा गर्न पनि मिल्दैन। उनीहरूलाई अझै अनुभव चाहिँएको हो की भन्ने हो। चार देश सम्मिलित सिरिजमा पछिल्लो दुई वर्षदेखी हराउन नसकेको हङकङलाई हराउने एउटा सकरात्मक पक्ष पनि हो', रुविनाले स्वदेश फर्किएपछि भनिन्।

रुविना नेपाली महिला क्रिकेट विकास गर्न दीर्घकालिन सोच आवश्यक भएको बताउँछिन्।'महिला क्रिकेट विकास गर्न दीर्घकालिन सोच आवश्यक छ जस्तो लाग्छ। एउटा प्रतियोगिता खेल्न जान्छौं। त्यसअघि सिरिज खेल्छौं। तर त्यसअघि हामी के गरेका थियौं भने हो। केहि दिन अभ्यास गरेका हुन्छौं। हामी अभ्यास त गरेका हुन्छौं तर ठाउँमा चाहिँ आउन सकेको छैन। हामीले गर्नी तरिकाले नगरेको हो की सिकाउने मान्छे नभएको हो त्यो मलाइ पनि थाहा भएन', उनले भनिन्।

रुविना ठूला सफलता हात पार्न नसक्दा दुःख लाग्ने बताउँछिन्। 'मलाई दबाब भन्दा पनि दुःख लाग्छ। हामीले म्याच बिनरहरु निकाल्न सकेका छैनौं। यो प्रतियोगितामा मैले खासै राम्रो खेलिन। खेल नै कस्तो उल्टोफुल्टो भयो। म्याच बिनर नदेख्दा आफूहरूले नै खेल पर्नि हो की भन्ने अनुभव हुन्छ', उनले भनिन्। नेपालले समूह चरणमा मलेसियालाई पाँच रन, बहराइनलाई १० विकेट, भुटानलाई ३ विकेट र कतारलाई ९ विकेटले हराएको थियो। युएईसँग भने वर्षाको कारण खेल रद्द भएको थियो।

नेटरनेटका कारण युएई समूह विजेता र नेपाल उपविजेता बन्दै सेमिफाइनल खेलेका थिए। थाईल्याण्डले नेपाललाई ४६ रन तथा अर्को सेमिफाइनल खेलमा युएईले हङकङलाई ७७ रनले हराएको थियो। फाइनलमा युएईले थाईल्याण्डलाई ६ रनले हराउँदै उपाधि जितेका थिए। एसिया क्षेत्र छनोटबाट थाईल्याण्ड र युएईले ग्लोबल छनोटमा स्थान बनाएका छन्।

# ब्राजिलमा चक्रवातका कारण ४४ जनाको मृत्यु



सिन्ह्वा

साओ पाउलो। ब्राजिलको दक्षिणी भागमा गत साता आएको चक्रवातका कारण ४४ जनाको मृत्यु हुनुका साथै अन्य ४६ जना बेपत्ता भएको नागरिक सुरक्षा निकायले आइतवार जनाएको छ।

आँधीका कारण अर्जेन्टिना र उरुग्वेसँग सीमा जोडिएको रियो ग्रान्डे डो सुल राज्यका ६० वटा शहर र छिमेकी राज्य सान्टा क्याटारिनाका केही क्षेत्रमा सोमबारदेखि मुसलधारे वर्षा,प्रतिघण्टा ११० किलोमिटरभन्दा बढीको हावाहुरी, बाढी र पहिरो गएको थियो।

तीमध्येएक जनावाहेक सबैजनाको मृत्यु रियो ग्रान्डे डो सुलमा भएको थियो जहाँ २२४ जना घाइते भएका थिए भने १४ हजारभन्दा बढीलाई सुरक्षित स्थानमा सारिएको थियो सबैभन्दा बढी प्रभावित शहर मुसुममा १६ र रोका सेल्समा १० जनाको मृत्यु भएकोछ।

ब्राजिलका उपराष्ट्रपति गेराल्डो अल्कमिनले आइतवार उक्त क्षेत्रको भ्रमण गरी चक्रवातबाट प्रभावित प्रत्येक व्यक्तिलाई करिब १६० अमेरिकी डलर क्षतिपूर्ति दिने सरकारको योजना को घोषणा गर्नुभएको छ। ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले जलवायु परिवर्तनका परिणामहरूको सामना गर्न आवश्यक चरम मौसमी घटनालाई वातावरणीय एजेन्डासँग जोड्नुभयो।

# मोरक्कोमा गएको भूकम्पमा परी थप एक सयको मृत्यु भएको पुष्टि

एएफपी

अमिजमिज। मध्य मोरक्कोमा शुक्रबार राति गएको शक्तिशाली भूकम्पमा परी थप एक सय जनाको मृत्यु भएको पुष्टि मोरक्कोको गृह मन्त्रालयले आइतबार गरेको छ। सार्वजनिक पछिल्लो विवरणअनुसार भूकम्पबाट कम्तीमा दुई हजार १२२ जनाको मृत्यु भएको छ भने दुई हजार ४२१ जना घाइते भएका छन्। मृत्यु हुनेमा अल हाउज प्रान्तमा एक हजार ३५१, तारौदान्त प्रान्तमा ४९२, चिचाउआमा २०१ र माराकेशमा १७ जना रहेका छन्।



स्थानीय सञ्चारमाध्यमका अनुसार मोरक्कोका सेना र आपतकालीन सेवाहरू एटलस पर्वतीय क्षेत्रको सबैभन्दा बढी प्रभावित क्षेत्रमा पुग्न सङ्घर्ष गरिरहेका छन्। यसअघि माराकेशका बासिन्दाले सिन्ह्वाका संवाददातालाई पराकम्पन अझै महसुस गर्न सकिने बताएका थिए।विश्व स्वास्थ्य सङ्गठनको अनुमानअनुसार यो विपत्तिले मोरक्कोको प्राचिन शहर माराकेश र यसको बाहिरी इलाकामा तीन लाख भन्दा बढी मानिसहरूलाई प्रभावित भएका छन्।

हताहतहुनेको सङ्ख्या अझै बढ्न सक्ने अनुमान गरिएको छ। मोरक्कन रेड क्रिसेन्ट (एमआरसी) ले उक्त विज्ञप्ति जारी गर्दै जानकारी गराएको छ, "पहाडी भूगोलका कारण खोजी र उद्धार प्रयासका लागि ठूलो चुनौती खडा गरेको छ। एटलस पर्वतका ती दुर्गम क्षेत्रहरूमा ठूला मेशिनरी साधनहरू प्राप्त गर्नु उद्धारका लागि प्राथमिकता रहेको छ।" "भग्नावशेषबाट धेरै मानिसलाई बाहिर निकाल्ने क्रममा एमआरसी र अन्य उद्धार समूहहरूले सबैभन्दा गम्भीर क्षति भएका स्थानहरू पहिचान गर्न र प्राथमिकता दिन चौबिसै घण्टा काम गरिरहेका छन्," विज्ञप्तिमा भनिएको छ।

पर्यटकीयन नगर माराकेशभन्दा ७२ किलोमिटर दक्षिणपश्चिममा केन्द्रबिन्दु बनाएर शुक्रबार राति ११:११ बजे भएको ६.८ म्याग्निच्युडको भूकम्पको विनाश सबैभन्दा धेरै माराकेसमा नै भएको छ।

# नेपाल म्यानमारसँग पराजित

काठमाण्डु। नेपाली राष्ट्रिय फुटबल टोलीले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल अन्तर्गत सोमबार म्यानमारसँग हार बेहोरेको छ।

म्यानमारको याँगोनस्थित थुवुना रंगशालामा नेपाल खेलको अन्त्यतिर गोल खाँदै १-० को हात सदुपयोग गर्न सकेनन्। दोस्रो हाफमा पनि नेपालले नै राम्रो आक्रमण बुनेको थियो। म्यानमारले पनि काउन्टर अट्याकमा केहि अवसर सिर्जना गर्यो। दोस्रो हाफको सुरुवात मै म्यानमारको प्रहार पोस्टमा लागेर बाहिरिएपछि मिनेटमा म्यानमारले काउन्टर अट्याकमा गोल गर्दै खेलमा अग्रता लियो। नेपालका दिनेश हेन्जनले मनिष डाँगीको पासमा लिएको सट कसबारमा लागेको थियो। त्यही बल क्लियर गर्दै म्यानमारले नेपाली डिफेन्स एक्टिभ भएको अवस्थामा अग्रता लियो। विनले विंगबाट आएको बललाई सहजै फिनिस गर्दा म्यानमारले खेलमा अघि बढेको थियो। उक्त मुभका क्रममा असिस्टेन्ट रेफ्रीको झन्डा उठेको भन्दै नेपाली टोलीले गोल हुनुअघि नै खेल रोक्नुपर्ने माग समेत राखेका थिए।



बेहोर्न बाध्य भएको हो। नेपालले अन्तिमतिर काउन्टर अट्याकमा गोल खाँदै खेल गुम्न पुग्यो। विन नाइन तुनले काउन्टर अट्याकमा गरेको गोल नै म्यानमारको जितका लागि पर्याप्त रहयो। यसअघि पहिलो खेल गोलरहित बराबरीमा टुंगिएको थियो।

पहिलो हाफमा नेपालले पाएको अवसर सदुपयोग गर्न नसक्दा खेल गोलरहित रहेको थियो। अन्जन विष्ट र आवास लामिछानेले पाएको अवसर नेपाल खेलमा पछि पर्नबाट बचेको थियो। ६६औं मिनेटमा जिलेस्पि जंग कार्कीले डिफेन्स लाइनलाई बिट गरेपनि उनको प्रहार अघि बढेका गोलरक्षकले बचाए।

७३औं मिनेटमा नेपालका गोलरक्षक किरण चेम्जोङले उत्कृष्ट बान भर्सेस वान बचाउ गरे। त्यसको दुई मिनेट पछि दोस्रो हाफमा अन्जन विष्टको स्थानमा मैदान प्रवेश गरेका हिसुब थपलियाको प्रहार म्यानमार गोलरक्षकले बचाउ गरे। ८६औं

पहिलो खेलमा जिलेस्पी र हिसुबलाई डेब्यु दिएका अनेसेले दोस्रो मैत्रीपूर्ण खेलमा त्रिभुवन आर्मी क्लबका दिनेश हेन्जनलाई पहिलो अन्तराष्ट्रिय खेल खेल्ने अवसर दिए। हेन्जन ८३औं मिनेटमा आवास लामिछानेको स्थानमा मैदान प्रवेश गर्दै आफ्नो पहिलो अन्तर्राष्ट्रिय खेल खेले।

नेपालले अब अक्टोबरको अन्तराष्ट्रिय ब्रेकमा लाओस सँग फिफा वर्ल्ड कप छनोटको पहिलो चरणको खेल खेल्नेछ। खेल दशरथ रंगशालामा अक्टोबर १२ र लाओसमा अक्टोबर १७ तारिखमा हुनेछ।

# दक्षिण चीन सागरमा 'बल प्रयोग' नगर्न अमेरिका र भियतनामको सुझाब

सिन्ह्वा

हनोई। संयुक्त राज्य अमेरिका र भियतनामले विवादित दक्षिण चीन सागरमा चिनियाँ पानीजहाजबीच भएको पछिल्लो झडपको केही दिनपछि सोमबार 'बल प्रयोग' नगर्न चीनसँग आग्रह गरेका छन्। अमेरिकी राष्ट्रपति जो बाइडेन र भियतनामको कम्युनिस्ट पार्टीका प्रमुख गुयेन फु ट्रोङले रणनीतिक जलमार्गमा प्रतिस्पर्धात्मक दावीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार समाधान गरिनुपर्ने बताएका छन्।

बेइजिङले वार्षिक खरबौं डलरको व्यापार हुने लगभग सम्पूर्ण समुद्रमाथि आफ्नो दाबी गर्दै आएको छ। चीनको उक्त दावीमाथि कुनै कानुनी आधार नभएको र अन्तर्राष्ट्रिय अदालतको फैसलालाई चीनले बेवास्ता गरेको उनीहरूले बताएका छन्। बाइडेन र ट्रोङले जारी गरेको संयुक्त वक्तव्यमा भनिएको छ, "नेताहरूले धम्की वा बल प्रयोग बिना नै अन्तर्राष्ट्रिय कानूनअनुसार विवादको शान्तिपूर्ण समाधानका लागि आफ्नो अटुट समर्थनलाई जोड दिएका छन्।"



उनीहरूले 'दक्षिण चीन सागरमा नेभिगेसन र ओभरफ्लाइट र निर्बाध वैध व्यापारको स्वतन्त्रता' को लागि पनि आह्वान गरेका छन्। दुई नेताले यस क्षेत्रमा चीनको बढ्दो आक्रामकताको सामना गर्न तरिकाको रूपमा व्यापक रूपमा हेरिएको सहयोगलाई अझ प्रगाढ बनाउने सम्झौता गरेको एक दिनपछि यो वक्तव्य आएको हो। व्यापार, सुरक्षा, मानव अधिकार र जलवायु परिवर्तनलगायत विविध विषयमा वासिङ्टन र बेइजिङबीच विवाद भइरहेको छ र चिनियाँ प्रभावको सामना गर्न आफ्ना सहयोगीहरूको सञ्जाल बढाउन खोजिरहेको छ।गत साता फिलिपिन्सले चिनियाँ तटरक्षक बल र 'लडाकू' डुङ्गाले सेकेन्ड थोमस शोलमा फिलिपिनो सेनालाई आपूर्ति गर्ने क्रममा आफ्ने दुई तटरक्षक जहाजलाई सताएको आरोप लगाएको थियो। फिलिपिन्सको नौसेनाले सन् १९९९ मा पानीमा चीनको प्रगति रोक्नका लागि जानीजानी एउटा पुरानो जहाजलाई सोलमा ग्राउन्डेड गरेको थियो।चीनले दक्षिण चीन सागर र भ्रुण्डको चट्टानमा गस्ती गर्न सयौं जहाजहरू तैनाथ गरेको छ। लामो समयदेखि अमेरिकाको सहयोगी रहेको फिलिपिन्सको स्प्राट्ली टापुका नौ वटा चट्टान र टापुमा चौकी छन्, जसलाई भियतनामले प्यारासेल टापुसँगै दाबी पनि गरेको छ। मनिलाका अनुसार चिनियाँ तटरक्षक बल र नौसेनाका जहाजहरूले फिलिपिन्सका डुङ्गाहरूलाई विवादित जलक्षेत्रमा नियमित रूपमा रोक्छन्।

## भियतनाम एयरलाइन्स र बोइङबीच करिब आठ अर्ब डलरको सम्झौता

एएफपी

हनोई। भियतनाम एयरलाइन्सले अमेरिकी विमान निर्माता कम्पनी बोइङसँग सात अर्ब ८० करोड अमेरिकी डलरको सम्झौता गरेको ह्वाइट हाउसले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

हनोईमा भएको भेटवार्तापछि अमेरिकी राष्ट्रपति जो बाइडेन र भियतनामका प्रधानमन्त्री फाम मिन्ह चिनले बोइङ र भियतनामको राष्ट्रिय वायुसेवा कम्पनीबीच भएको ऐतिहासिक सम्झौताको स्वागत गरेको ह्वाइट हाउसले जनाएको छ।

यो सम्झौताले संयुक्त राज्य अमेरिकामा ३० हजारभन्दा बढी रोजगारीलाई सहयोग गर्नेछ।भियतनाम एयरलाइन्सले ७३७ मध्ये ५० वटा विमान खरिद गर्ने बाइडेनले अमेरिकी र भियतनामी उच्च कम्पनीका वरिष्ठ अधिकारीहरूसँगको गोलमेच सम्मेलनका क्रममा बताउनुभयो। भियतनाम एयरलाइन्ससँग हाल १५ वटा बोइङ ७८७ ड्रीमलाइनरसहित १०० वटा विमान छन्।

# विकासको नयाँ राष्ट्रिय कीर्तिमान

काठमाण्डु। नेपाली भारोत्तोलन खेलाडी विकास भट्टले रियादमा जारी आइडब्लुएफ विश्व च्याम्पियनशिपमा तीन नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन्। पुरुष ८१ केजी तौल समूहमा विकासले स्न्याच, क्लिन एन्ड जर्क र कुलमा गरी तीन नयाँ राष्ट्रिय कीर्तिमान बनाएको नेपाल भारोत्तोलन सङ्घका अध्यक्ष रामकृष्ण श्रेष्ठ (बोस) ले जानकारी दिनुभयो। विकासले आफ्नै नाममा रहेको तीनै कीर्तिमानमा सुधार गरेका हुन्।

विकासले स्न्याचमा एक सय २४ केजी भार वहन गर्दै नयाँ राष्ट्रिय कीर्तिमान स्थापित गरे। एक सय २३ केजीको कीर्तिमान विकासको नाममा थियो। उनले सो कीर्तिमान १९औं एसियाली खेलकुदको अन्तिम छनोटमा बनाएका थिए।

विकासले क्लिन एन्ड जर्कमा एक सय ४८ केजी वजन उठाउँदै अर्को कीर्तिमान कायम गरे। यसअघि उनले १९औं एसियाली खेलकुदके पहिलो चरणको छनोटमा एक सय ४७ केजीको कीर्तिमान रचेका थिए।।रासस

# सुनसान कटारी बजार



कटारी ।

***ढाकरै बोकी, टेकुवा टेकी ठ्याक्कै, ठ्याक्कै, ठ्याक्कै
ओखलढुंगा रुम्जाटारदेखि ठ्याक्कै, ठ्याक्कै, ठ्याक्कै
पसिना झार्दै तरर्, चार दिनको बाटो कटारी बजार...***

तीन दशकअघि रेडियो नेपालमा यो गीत प्रशस्तै बज्थ्यो । यस गीतले चिनाएको उदयपुरको कटारी बजार एउटा ऐतिहासिक बजार थियो । पहाडका तीन जिल्ला ओखलढुङ्गा, खोटाङ्ग सोलुखुम्बुको एक मात्र नून तेल भाँडावर्तन, अन्नपात, मरमसला किन्ने थलो थियो कटारी बजार ।

सडक थिएन, यी तीन जिल्लासम्म कटारी बजारबाट ढाकरमा सामाग्री ढुवानी हुन्थे । पहाडी जिल्लाका आलु ढाकरमै कटारी आइपुग्थ्यो, फर्किन्दा ढाक्रेहरुले साहुका सामान बोकेर जान्थे । "त्यतिबेलाको कटारी बजार त गुल्जार थियो" २०२९ सालदेखि कटारी बजारमा व्यापार गर्दै आएका ज्योतिकुमार साह भन्नुहुन्छ, "अहिले त चरोमुसो पसलमा आउँदैनन् ।"

साह सिरहाको बन्दिपुर हुँदै कमलाखोलाको बाटो अभिभावकहरुसँग कटारी बजार आइपुगेका थिए । "बाटो थिएन मधेसका व्यापारी कमला खोलैखोला कटारी व्यापार गर्न आएका थिए", साह भन्नुहुन्छ, "धनुषा, सिरहा, सप्तरीबाट कटारीमा ठूलो व्यापार हुन्छ भनेर व्यापारीहरु आउँथे।" कटारी बजार सगरमाथाको द्वारको रुपमा पनि परिचित बजार थियो । सगरमाथा चढ्नका लागि तेन्जिङ्ग शेर्पा र एडमण्ड हिलारी कटारी बजारकै बाटो गएको भनाइ रहेको बुढापाकाहरु बताउँछन् ।

विसं २०५० सम्म कटारी बजार एउटा ऐतिहासिक बजार थियो । विस्तारै सडक निर्माण सुरु भयो । मिर्चैया कटारी हुँदै २०५४ सालमा कटारी, घुर्मी, ओखलढुंगा सडकको ट्र्याक खुल्यो । नेपाली काँग्रेसका नेता एवं पूर्वमन्त्री स्व बलबहादुर राईको पहलमा यो सडक नेपाली सेनाले निर्माण गरेको थियो ।

सडक निर्माणसँगै पहाडी जिल्लाहरुमा सामग्री ढुवानी सहज त भयो तर त्यसपछि यो सडकले स्तरोन्नती हुन पाएन । मिर्चैया-कटारी २६ किमी र कटारी-घुर्मी ४४ किमी सडक जीर्ण भएका कारण मानिसहरु हिंड्न नै डराउन थालेको ओखलढुंगा स्थायी घर भई कटारीमा रोजगारी गर्दै आएका शुभराज राई भन्नुहुन्छ, "बीच बाटोबाट फर्किनुभन्दा सिन्धुलीबाट घुमेर जानु सजिलो ठानी मानिसहरु त्यतैबाट हिंड्न थाले ।"

सडक विस्तारले फड्को मारेसँगै सिन्धुलीको खुर्कोट घुर्मी बजार हुँदै पहाडी तीन जिल्ला आउजाउ गर्न सडक राम्रो भएपछि कटारीबाट आउजाउ कमी हुन थाल्यो । गाईघाटबाट खोटाङ्ग पनि जोडिएपछि कटारी विस्तारै टोले बजारमा परिणत भयो । तराईका जिल्लाबाट कटारी हुँदै पहाडी जिल्ला जानुपर्ने वाध्यता हट्यो । बाटो छोटो भएपनि स्तरोन्नती नहुँदा आउजाउ नै कष्टकर हुने भएपछि मानिसहरु सिन्धुलीबाट घुमेर जान थाले । कटारीका होटल व्यवसायी प्रताप राई भन्नुहुन्छ, "मदन भण्डारी राजमार्ग जोडिएकाले झिनो आशा मात्रै कायम छ, नत्र बजार सुकिसक्यो ।"

कुनै समयको गुल्जार बजारमा अहिले ग्राहक नै नभएको उदयपुर उद्योग वाणिज्य सङ्घका पूर्व उपाध्यक्ष अरुण साह बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "व्यापारीहरु अन्यत्र पलायन थालिसके, बजारमा किनमेल छैन् । ग्राहक नै नभएपछि बजार सुनसान हुने नै भयो ।"

विगतमा कटारी बजारको शुक्रबारे हाट चर्चित हाट थियो । अहिले शुक्रबार हाट लाग्छ भन्ने कुरा पनि धेरैले बिर्सिसकेका छन् । बजारको पहिचान कायम राख्न नगरपालिकाले कार्यविधि बनाएर कृषि उपज केन्द्रमा शुक्रबार हाट लगाउन थाले पनि हाटमा ग्राहक र व्यापारीको चासो नदेखाएको नगरपालिकाका प्रमुख राजेशचन्द्र श्रेष्ठ बताउनुहुन्छ । रासस

# तत्काललाई विद्युत् आपूर्ति नरोक्न प्रधानमन्त्रीको निर्देशन



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले डेडिकेटेड फिडर र ट्रङ्क लाइनको महशुलका सम्बन्धमा देखिएको विवाद समाधान गर्न अध्ययन भइरहेकाले यसबारे निर्क्यौल नभएसम्म उद्योगमा आपूर्ति भइरहेको विद्युत बन्द नगर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिनुभएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालको नेतृत्वमा महासङ्घ पदाधिकारीसहित प्रधानमन्त्री निवास बालुवाटार पुगेको प्रतिनिधिमण्डलसँगको भेटपछि प्रधानमन्त्री दाहालले नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई टेलिफोन सम्पर्क गरी उक्त निर्देशन दिनुभएको हो ।

उहाँले यससम्बन्धी विषयमा महासङ्घ, विद्युत नियमन आयोग र प्राधिकरणलाई सँगै राखेर छिटै टुङ्गोमा पुऱ्याउने कुरामा आफूले पहल गर्ने समेत आश्वासन दिनुभयो । प्राधिकरणले उद्योगहरुलाई डेडिकेटेड फिडर र ट्रङ्कलाइनको बक्यौता महशुल १५ दिनभित्र चुक्ता गर्न भदौ १७ गते सूचना जारी गरेको थियो । उक्त सूचनामा बक्यौता महशुल चुक्ता नगर्ने उद्योगहरुको विद्युत आपूर्ति बन्द गर्ने जनाएको थियो ।

महासङ्घले अहिलेको आर्थिक सङ्कटको समयमा उद्योग व्यवसायहरु ४० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालन भइरहेको हुँदा उद्योग व्यवसायलाई जोगाउन विशेष पहल गर्नुपर्ने सुझाव दिएको छ । "यो समयमा हामीलाई सहयोग र समर्थन चाहिएको छ", महासङ्घ अध्यक्ष ढकालले भन्नुभयो, "थप समस्या सिर्जना गरिदिनु भएन भन्ने हाम्रो माग हो ।" कोभिड महामारीपछि उद्योग व्यवसाय निरन्तर सङ्कटमा रहेको र यस अवस्थामा उद्योग व्यवसायको विद्युत् काट्दा व्यवसायी थप हतोत्साही हुने महासङ्घको भनाइ छ । रासस

# मृत गैंडाको खाग भेटिएन

चितवन । चितवन राष्ट्रिय निकुञ्जमा मृत भेटिएको गैंडाको खाग फेला परेको छैन ।

निकुञ्जको खगेन्द्र मल्ली पोष्टबाट सात किलोमिटरभित्र हर्दा खोला नजिक यही भदौ १२ गते गैंडा मृत फेला परेको हो । निकुञ्जका सूचना अधिकारी गणेश तिवारीका अनुसार गैंडा झण्डै १५ महिना पहिला मरेको आशङ्का गरिएको छ । वरपर क्षेत्रमा खोजी गर्दा ११ खुर फेला परेका छन् । एउटा खुर र खाग नभेटिएपछि चोरीशिकारीले गैंडा मारिएको आशङ्का गरिएको छ ।

गैंडाको कङ्काल भेटिएसँगै निकुञ्जको चोरीशिकार नियन्त्रण एकाइले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिबिआई) सँग समन्वय गरेर खोजी कार्य अघि बढाएको छ । गैंडाको कङ्काल मात्रै भएकाले लिङ्ग



र उमेर पहिचान हुन सकेको छैन । तिवारीले लामो समय भएकाले खाग उक्किएर हराएको पनि हुनसक्ने आशङ्का गर्नुभयो । उहाँले भन्नुभयो, "खाग नभेटिएपछि चोरीशिकारको आशङ्कामा अनुसन्धान अघि बढाएका छौं ।"

गत आर्थिक वर्षमा निकुञ्जमा २२ गैंडा मरेका थिए । तीमध्ये दुई चोरीशिकारी गर्नेले मारेका थिए । सो घटनामा संलग्नलाई निकुञ्जले पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाएको छ । रासस

# नेप्से परिसूचक ४४ दशमलव ३० अङ्कले बढ्यो

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४४ दशमलव ३० अङ्कले बढेको छ । सोमबारको कारोबारमा परिसूचक दुई दशमलव २८ प्रतिशतले बढेर एक हजार नौ सय ८६ दशमलव ९९ अङ्कमा कायम भएको हो ।

सोमाबारको कारोबारमा विभिन्न कम्पनीका कुल ४७ लाख ४२ हजार पाँच सय ११ कित्ता शेयर ३७ हजार सात सय ९९ पटक खरिदबिक्री हुँदा रु एक अर्ब ५१ करोड ८३ लाख ४३ हजार तीन सय ९७ बराबरको कारोबार भएको छ ।

सोमबारको कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ । रासस

# विशिष्टकृत बाल अस्पताल निर्माणका लागि एक करोड ८० लाख सहयोग




काठमाण्डु । आनी छोइङ्ग डोल्मा फाउण्डेशनले काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) लाई रु एक करोड ८० लाख सहयोग प्रदान गरेको छ ।

फाउण्डेशनले काठमाडौंको बूढानिलकण्ठ नगरपालिकामा बहुविशिष्टकृत बाल अस्पताल किओच-काठमाडौ बाल अस्पताल 'हब' को भवन निर्माणका लागि रु एक करोड ८० लाख सहयोग गरेको हो । अस्पताल निर्माणका लागि सहयोग जुटाउन प्रयत्नशील फाउण्डेशनका संस्थापक समाजसेवी एवं गायक आनी छोइङ्ग डोल्माले विशिष्टकृत बाल स्वास्थ्य सेवालाई सबै नागरिकको पहुँचमा पुऱ्याउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"अस्पतालको भवन निर्माणका लागि आफूसँग भएको मर्सिडिज गाडी बिक्री गरेर भए पनि सहयोग गर्न पाएकोमा खुसी छु", उहाँले भन्नुभयो, "एउटै छानामुनी विशिष्टकृत बाल स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालका शाखा देशका अन्य स्थानमा पनि स्थापना गर्न मैले सक्दो सहयोग गर्नेछु ।" अस्पतालका अध्यक्ष डा भगवान् कोइरालाले नेपालमा अझै मातृ तथा शिशु मृत्युदर उच्च रहेकाले त्यसलाई कम गर्न पहिलो चरणमा काठमाडौंमा विशिष्टकृत बाल अस्पताल स्थापना गर्न लागिएको भन्दै सातै प्रदेशमा यस्ता अस्पताल स्थापना गर्दै जाने लक्ष्य रहेको बताउनुभयो ।

"अहिले देशभरमा करिब २८ हजार शैय्या रहेकामा दुई हजार आठ सय जति मात्र बालबालिका शैय्या रहेको छन् । त्यसमा पनि झण्डै ८० प्रतिशत शैय्या, चिकित्सक र नर्स बागमती प्रदेशमा केन्द्रित छन्", डा कोइरालाले भन्नुभयो, "देशभर विशिष्टकृत बाल स्वास्थ्य सेवा विस्तार गर्न सबैको सहयोगको आवश्यकता छ ।"

बालबालिकालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने तथा बाल स्वास्थ्यका विषयमा अनुसन्धान गर्दै आएको गैरनाफामुलक संस्था किओचले कोशी प्रदेशको झापा जिल्लास्थित दमकमा किओच-दमक बाल अस्पताल स्थापना गरेर स्वास्थ्य उपचार सेवा उपलब्ध गराउदै आएको छ ।

# कैदीबन्दीले बुनेका मुढा चीन निर्यात

तनहुँ । तनहुँको सदरमुकामस्थित दमौली कारागारमा रहेका कैदीबन्दीले बुनेका मुढा चीन निर्यात हुन थालेको छ । गत साउनको अन्तिम साता पहिलो पटक मुढा चीन निर्यात भएको सो कारागार प्रशासनले जनाएको छ । यहाँका कैदीबन्दीले बुनेका मुढा आकर्षक र बलियो हुने भएपछि माग बढ्ने गरेको कारागारका चौकीदार रामकुमार बस्यालले जानकारी दिनुभयो ।

बाह्य देशमा मुढा निर्यात हुन थालेपछि कैदीबन्दी उत्साहित भएर मुढा बनाउने कार्यमा खट्दै आएका छन् । कारागारमा अहिले २० महिलासहित कूल दुई सय ८७ कैदीबन्दी छन् । जसमा तीन बालिका कैदीबन्दी महिलासँग नै आश्रित रहेको सो कारागारले जनाएको छ ।

"एक हजार तयारी मुढा चीन पठाइएको छ", उहाँले भन्नुभयो, "प्रति मुढा रु पाँच सयका दरले बिक्रीका लागि पठाइएको हो ।" कारागारको 'ए' ब्लकमा रहेकामध्ये करिब ४५ जनाले बुनेका मुढा स्थानीय बजारमा खपत हुने गरेको सो कारागारले जनाएको छ ।

त्यसैगरी 'बी' ब्लकमा रहेकामध्ये ७० कैदीबन्दीले निर्माण गरेको मुढा बाह्य देशमा निर्यात हुने गरेको निमित्त कारागार प्रशासक नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार महिला कैदीबन्दी भवनमा रहेका २० महिला कैदीबन्दीमध्ये अधिकांश तानबाट कपडा बुन्ने कार्यमा व्यस्त छन् ।

कारागारमा रहेका अधिकांश कैदीबन्दीले सीप सिकेर आयआर्जन गरी समय समयमा घर खर्च पठाउने कार्य पनि गरेको उहाँले बताउनुभयो । व्यापारीले पेश्की स्वरुप दिएको रकमले मुढा बनाउन आवश्यक कच्चा पदार्थ खरिद गरी मुढा बनाउने गरेका छन् । उहाँले भन्नुभयो, "कारागार प्रशासनले उक्त सामग्री खरिदका लागि सहजीकरण गर्दै आएको छ ।" रासस

# तरकारी खेतीबाट रु २५ लाख बढी आम्दानी

कञ्चनपुर । कञ्चनपुरकोभीमदत्तनगरपालिका-११ भुजेलाका वीरबहादुर खड्काले व्यावसायिकरुपमा तरकारी खेती गरेर वार्षिकरुपमा रु २५ लाख बढी आम्दानी गर्दै आउनुभएको छ ।

डेढ दशकदेखि तरकारी खेतीमा संलग्न खड्काले दुई बिघा १० कठ्ठा जग्गामा खेती गर्दै आउनुभएको हो । दश कठ्ठा मात्रै आफ्नो जग्गा भएका बताउँदै उहाँले दुई बिघा तरकारी खेतीका लागि भाडामा लिएको जानकारी दिनुभयो । उहाँका अनुसार वार्षिक एक सय टन बढी तरकारी उत्पादन हुने गरेको छ ।

मौसमी र बेमौसमी तरकारी उत्पादन गर्दै आएको भन्दै खड्काले अहिले खेतमा काउली, बन्दा, गोलभेडा, सुर्खानी, भान्टा, मुला, सिमला मिर्च, हरियो र धनियाँ लगाइएको बताउनुभयो । "केही महिनाअघि मात्रै हरियो धनियाँ र सागपात मात्रै रु दुई लाख बढीको बिक्री भएको छ", उहाँले भन्नुभयो, "वर्षमा रु १० लाख बढीको काउली मात्रै बिक्री हुने गरेको छ ।" उत्पादित तरकारी महेन्द्रनगर बजार पुऱ्याएर बेच्दै आएको उहाँले बताउनुभयो ।

खड्का वडाका एक्ला व्यावसायिक तरकारीखेती गर्ने किसानका रुपमा रहेका छन् । तरकारी खेतीसम्बन्धी तालिम नलिएको जनाउँदै खड्काले अरुका बारीमा तरकारीका लागि खेत तयार गर्ने र लगाउने गरेर सिकेको बताउनुभयो । त्यसरी सिकेको सीपलाई निरन्तरता दिँदै आएको उहाँको भनाइ थियो ।

"कुनै निकायबाट तरकारी खेतीसम्बन्धी सीप सिक्ने अवसर पाइएन", खड्काले भन्नुभयो, "गर्दै जाँदा सिकिँदोरहेछ । तालिम नलिए पनि तरकारी खेतीमा अरुभन्दा कम छैन । यसैबाट जीविकोपार्जन भइरहेको छ ।"रासस

# रु २८ करोडमा बनेको सभागृह प्रयोगहीन

गोदावरी । कैलालीको धनगढी उपमहानगरपालिका-८ धनगढी गाउँमा निर्माण गरिएको सभाहल प्रयोगविहीन बनेको छ । करिव रु २८ करोडको लागतमा निर्माण सम्पन्न भएको सो सभागृह सञ्चालन कार्यविधि तथा मापदण्डको अभावमा एक वर्षदेखि अलपत्र परेको हो ।

सो सभागृह सञ्चालन गर्ने कार्यविधि तथा मापदण्ड नबनाउँदा सङ्घीय आयोजना कार्यान्वयन इकाइ धनगढीले सभाहल हस्तान्तरण गर्न सकेको छैन । धनगढी उपमहानगरपालिकाले स्वामित्वमा लिएर सञ्चालन गर्नेगरी निर्माण गरिएको सभागृहमा फर्निचर र 'साउण्ड सिस्टम' जडान नगर्दा स्वामित्वमा लिन नसकिएको धनगढी उपमहानगरपालिकाका सहरी विकास तथा प्राविधिक शाखा प्रमुख द्विजराज भट्टले बताउनुभयो ।

सो सभागृह डेढ बिघा जमिनमा रु २८ करोड ५५ लाखको लगानीमा निर्माण गरिएको जनाइएको छ । सभागृह निर्माण, रङरोगन र विद्युत् जडानलगायतका सम्पूर्ण मुख्य काम २०७९ असारमा सम्पन्न भई निर्माण कम्पनीले सङ्घीय आयोजना कार्यान्वयन इकाइलाई हस्तान्तरण गरिसकेको छ ।

निर्माण कार्यसम्पन्न भएपछि हस्तान्तरणको तयारीसमेत गरेको अवस्थामा धनगढी उपमहानगरपालिकाले बुझ्न नमानेपछि हस्तान्तरणमा ढिलाइ हुन गएको आयोजना कार्यालयका सूचना अधिकारी इञ्जिनियर सौरभ कलौनीको भनाइ छ । मन्त्रालयले सञ्चालन कार्यविधि तथा मापदण्ड बनाइरहेकाले फर्निचर र साउण्ड सिस्टमका लागि अर्को ठेक्का गर्नुपर्ने उहाँले बताउनुभयो ।रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

### दा.खा. बारे ३५ दिने सुचना

यसमा जि.रौ. साविक गा.वि.स. राजपुर तुलसी वडा नं.८ हाल यमुनामाइ गा.पा.वडा नं. ३ मा वस्ने शेष भोलाको नाती शेख सजादको छोरा शेख खुर्सैद रौतहट जिल्ला अदालत गौरको २०७० अउ १०८८ को लेखत बदर मुद्धामा २०७१।०९।२८ को मिलापत्र बमोजिम मेरो नाउमा दर्ता कायम रहेको जि.रौ.गा.वि.स राजपुर तुलसी वडा नं.८ कि.न. ९५५ को ०( ०( ६ ( ८ दा.खा मि.नं. ३२१ मिति २०७१।१०।२६ मा मोठ भिडेको मोठ फाटवाट लेखि आएकोमा सोको हकदावीको लागी यो ३५ दिने सुचना जारी गरिएको छ । कारण भए स प्रमाण सहित आफु वा रीतपुर्वकको वारेश मार्फत सुचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन कमोजिम म्याद सकेपछि दा.खा.भै जानेछ ।



## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

### जानकी दास बैरागीको नाउमा जारी ३५ दिने म्याद

जिल्ला रौतहट गा.वि.स.प्रेमपुर गोनाही वडा नं.८ मा वस्ने बाबुलाल राउतको छोरा गोरख राउतले ऐ.ऐ.वस्ने तपाइ जानकी दास बैरागीको नाउमा दर्ता कायम रहेको जि.रौ.गा.वि.स.प्रेमपुर गोनाही वडा नं.७ कि.नं.६८ को ०( १( ५ र ऐ.ऐ.कि.नं.७१ को ०( २( ५ जग्गाहरु मध्ये उतर तर्फवाट आधी मोही हकमा रहेने गरी मोही बाडफाट मुद्धाको निवेदन पत्र दिइएको हुनाले तपाईको नाउमा जारी भएको १५ दिने म्याद वडा कार्यालयमा टास भएकोमा यस कार्यालयको मिति२०८०।५।१७ को आदेश बमोजिम यो म्याद इतलायनामा तपाइले पाएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्रमा प्रतिउतर पत्र लिखित जवाव वा कानुन बमोजिम आफनो लिखित प्रमाण समेत लिइ हाजिर हुन आफै आउनु वा कानुन बमोजिमको वारेश वा कानुन व्यवसायी पठाउनु हुन सुचित गरिन्छ ।

म्याद भित्र प्रतिउतर पत्र , लिखित जवाफ पत्र लिइ तपाइ आफै वा वारेश वा कानुन व्यवसायी मार्फत उपस्थित भएन भने सो मुद्धामा कानुन बमोजिम फैसला हुनेछ र भविष्यमा त्यस विषयमा तपाइको कुनै उजुर वाजुर लाग्ने छैन ।



## जनक हजारी विद्यापीठ (क्याम्पस)

जनकपुरधाम-८

### गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी १५ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०५/२६

यस जनक हजारी विद्यापीठ अन्तर्गत पसल कवल (सटर) कोठा नम्बर १ देखि १९ सम्मको भाडामा लिन चाहने इच्छुक व्यक्ति/संस्थाले प्रतिकोठा मासिक रु. ४०००।- (चार हजार) मा नघटाई प्रतिकोठा दरले सबै भन्दा बढी सटर भाडा स्वीकार्ने व्यक्ति/संस्थालाई कोठा उपलब्ध गराइनेछ। तपसिल बमोजिमका शर्तहरुमा तोकिएको समयमा आईपुग्ने गरी सिलबन्दी बोलपत्र आव्हान गरिएको छ। रित नपुगी आएको बोलपत्र माथि कुनै कार्यवाही हुने छैन।

तपसिल

**शर्तहरू:-**

१. फारम दस्तुर रु. ५००।- (फिर्ता नहुने गरी)
२. निवेदन साथै नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतलिपि र आफुले गर्न चाहेको व्यापार खुलाउनु पर्नेछ।
३. टेण्डर स्वीकृत भई सकार गरेको अङ्कको ३ महिनाको हुने भाडा वापतको रकम रा.बा.कैंक, पिडारी चौक शाखामा रहेको ज.ह.वि.पी.को चल्ती खाता नम्बर १५२०१०००००२४३००१ मा जम्मा गरेको सक्कल बैंक भाउचर पेश गर्नुपर्ने छ।
४. बत्ती, पानीको महशुल र मर्मत वापत लागेको खर्च व्यापारीले नै गर्नुपर्ने छ। विद्युत सोमिटर भाडादार स्वंयले जडान गर्नुपर्नेछ।
५. मादक पदार्थ, ग्यारेज, रसायनिक पदार्थको गोदाम एवं नेपाल सरकारको कानूनले बन्देज लगाएको वस्तुहरुको व्यापार गर्न पाइने छैन।
६. कोठा खालि गर्दा वा गराउँदा ३ महिना अगाडि दुबै पक्षले लिखित जानकारी दिनुपर्ने छ।
७. व्यक्तिको लागि नागरिकताको प्रमाण-पत्रको फोटोकापी तथा व्यवसायिक प्रयोजनका लागि नियमानुसार दर्ता भएका ग्राहकहरुको स्थायी लेखा नम्बर र स्थायी लेखा नम्बरको प्रमाण-पत्रको फोटोकापी अनिवार्य पेश गर्नुपर्नेछ।
८. बोलपत्र प्रकाशनको मितिः- २०८०/०५/२६ गते।
९. बोलपत्र दाखिला गर्ने अन्तिम मितिः- २०८०/०६/०९ गते दिनको ३:०० बजेसम्म।
१०. बोलपत्र दाखिला गर्ने स्थानः- जनक हजारी विद्यापीठ प्रशासन शाखा दिनको ११:०० बजेदेखि ३:०० बजेसम्म।
११. बोलपत्र खोल्ने मितिः- २०८०/०६/१० गते दिनको ३:०० बजे।
१२. बोलपत्र खोल्ने स्थानः- जनक हजारी विद्यापीठ
१३. टेण्डर स्वीकृत गर्ने नगर्ने अधिकार विद्यापीठमा निहित रहने छ।
१४. एक व्यक्तिले २ वटा कोठा मात्र लिन सक्नेछ भने संस्थाले ४ वटा कोठासम्म मात्र लिन सक्नेछ।
१५. टेण्डर खोल्दा प्रतिनिधि उपस्थित हुनुपर्नेछ। उपस्थित नभएमा नियमानुसार भई जानेछ।
१६. आ-आफ्नो व्यवसाय गर्ने स्थलहरु स्वयंले नै सफा राख्नुपर्नेछ।
१७. पसल कवोलको मासिक भाडा प्रत्येक महिनाको ५ गते भित्रमा ज.ह.वि.पी.को रा.बा. बैंक पिडारी चौकको चल्ती खाता नम्बर १५२०१०००००२४३००१ मा जम्मा गरेको सक्कल बैंक भाउचर पेश गर्नुपर्नेछ।
१८. टेण्डर दाखिला गर्दा न्यूनतम रकमको ३ महिना बराबर रकमको १० प्रतिशतले हुने रु. १२००।- जनक हजारी विद्यापीठको रा.बा. बैंक पिडारी चौकको चल्ती खाता नम्बर १५२०१०००००२४३००१ मा जम्मा गरेको सक्कल बैंक भाउचर संलग्न गर्नुपर्नेछ। उक्त टेण्डर स्वीकृत नभएकाहरुको बैंक दाखिला भएको रु. १२००।- २१ दिन पछि फिर्ता हुनेछ।
१९. यो बोलपत्र ५ (पाँच) वर्षको लागि हुनेछ।
२०. प्रत्येक २ वर्षमा भाडा रकमको १०% का दरले भाडा वृद्धि हुँदै जानेछ।
२१. टेण्डर स्वीकृत भएको सात दिन भित्र करार सम्झौता गरिसक्नु पर्नेछ। अन्यथा स्वतः रद्द हुनेछ।

**प्राचार्य**
**जनक हजारी विद्यापीठ (क्याम्पस)**
**जनकपुरधाम-८**

# अतिक्रमित सार्वजनिक जग्गा खाली गराइँदै

**टुडे समाचारदाता**

बारा । वर्षौ देखि बाराको फत्तेपुरमा अतिक्रमणमा परेको सार्वजनिक जग्गा खाली गराउन जीतपुरसिमरा उपमहानगरपालिका लागि परेको छ ।

जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.१२ फत्तेपुरमा रहेको अतिक्रमित जग्गा खाली गराउन नगर प्रमुख राजन पौडेलले जग्गा छुट्याउने कार्यलाई अघि बढाएका छन् ।

कृषि बजार (हाटबजार) लाई व्यवस्थित गर्ने र वडा कार्यालय भवन निर्माण गर्ने विषयमा सहमति भएपछि स्थानीयहरू सार्वजनिक जग्गा खाली गराउन सकारात्मक देखिएका छन् ।

साबिक फत्तेपुर गाविस वडा नं ३ हाल जीतपुर सिमरा वडा नं



१२ अन्तर्गत पर्ने कित्ता नं १७ को १८ कट्ठा सार्वजनिक जग्गा २०२२ सालको नापीमा फिल्डबुकमा हाटबजार भनी उल्लेख छ ।

सो १८ कट्ठा सार्वजनिक जग्गामध्ये ६ कट्ठा बजारमा प्रयोग भएको र बाँकी रहेको १२ कट्ठा जग्गा व्यक्तिले घर टहरा बनाएर लामो समयदेखि भोग चलन गरेका छन् ।

सो क्षेत्रलाई स्थानीय कृषि बजार सञ्चालन गर्न गत आर्थिक वर्षमा उपमहानगरपालिकाले ३५ लाख बजेट विनियोजन गरेको थियो तर सार्वजनिक जग्गा खाली गर्न नसकेपछि बजेट फिर्ता भएको थियो ।

उपमहानगरपालिकाले चालु आर्थिक वर्षको लागि पनि कृषि हाटबजार र वडा कार्यालयको भवन निर्माण गर्न ९० लाख बजेट विनियोजन गरेको छ । सार्वजनिक जग्गामा घरायसी र व्यावसायिक प्रयोजनका सटरहरु गरी करिब ६० घरधुरी छ भने निजी बोर्डिङ स्कुल पनि सञ्चालनमा रहेको जनाइएको छ ।

सोमबार नगर प्रमुख राजन पौडेल, वडा नं.१२ का वडा अध्यक्ष श्याम बाबु खाँ ,उपमहानगरपालिकाको प्राविधिक टोली र स्थानीय जग्गा नापजाँचमा जुटेका थिए ।

# कटान क्षेत्रको स्थलगत निरीक्षण

**टुडे समाचारदात**

बारा । मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री कृष्ण प्रसाद यादवले जमुनिया गाउँलाई जमुनि खोलाले गरेको कटान क्षेत्रको स्थलगत निरीक्षण गरेका छन् ।

आर्दशकोतवाल गाउँपालिका वडा नम्बर ८ मा पर्ने सो बस्ती खोलामा आउने बाढीका कारण कटान हुदै बस्तीमा पुग्न लाग्दा सो बस्तीमा त्रास उत्पन्न भएपछि स्थानीयहरुले नेपाली काँगेस मधेश प्रदेशका उपसभापति चन्द्रशेखर कुमार यादवले जानकारी गराए पछि मन्त्री यादवले सोमवार कटान क्षेत्रको निरीक्षण गरेका छन् ।

हिन्दू समुदायले गर्ने छठ पूजा स्थल, मुस्लिम धर्मावलम्बीहरुको दाह संस्कार गर्ने कब्रस्थान समेतलाई बाढीले बगाइसकेका छन भने नदीको धार सिधै बस्तीतिर सोझिएको हुँदा त्यहाका नागरिकहरुमा त्रास छाएको वडा नम्बर ८ का वडाअध्यक्ष हरिनारण कुसवाहाले जानकारी दिए ।

निरीक्षण पछि आयोजित कार्यक्रममा मन्त्री यादवले बस्तीलाई जोगाउन नदीको



धार परिवर्तन गर्नका लागि आफू कुनै कसर बाँकी नराख्ने बताए ।

नदी कटानले बस्ती निकै नै जोखिममा परेको हुँदा कुनै पनि बेला बस्तीमा पानी पस्ने भएको हुँदा खोलाको बीच भागमा रहेको खाली भूभागबाट धार परिवर्तन गरी बस्तीतर्फ तटबन्ध गरए बस्ती बचाउने प्रतिवद्धता उनले व्यक्त गरे ।

# विद्युत चुहावटमा कमी

**टुडे समाचारदाता**

रौतहट । रौतहटको नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्र अन्तर्गत पछिल्लो समय विद्युत चुहावटमा कमी आएको बताइएको छ ।

विद्युत चोरी गर्नेलाई धमाधम पक्राउ गरी दण्ड सजाय तथा कारबाही गर्न थालेपछि विद्युत



चुहावटमा उल्लेख्य कमी आएको मौलापुर वितरण केन्द्रले जनाएको छ ।

मौलापुर वितरण केन्द्र अन्तर्गत पर्ने मौलापुर, बौधीमाई, देवाही गोनाही, कटहरिया र फतुवा विजयपुर नगरपालिकाका विभिन्न वडाहरुमा हुकिङ्ग गरी विद्युत चोरी गर्ने क्रम बढेपछि त्यसलाई न्यूनीकरण गर्न मौलापुर वितरण केन्द्रले विद्युत चोरी गर्नेहरुमाथि कारबाही गर्ने अभियान नै चलाएपछि विद्युत चुहावटमा कमी आएको प्राधिकरणको भनाइ छ ।

नियमित रुपमा विद्युत आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि सञ्चालित अभियानबाट विद्युत चुहावट हुने दर घटेको विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका प्रमुख रामदिनेश राय यादवले बताए ।

वितरण केन्द्र प्रमुख यादवले गर्मीमा केही मात्रामा विद्युतको चोरी बढे पनि प्राविधिक र गैरप्राविधिक चुहावटका लागि चालिएको कदमले यसलाई अझै घटाउने दाबी गरे ।

विद्युत चोरी न्यूनीकरणका लागि प्राधिकरणले अभियान नै सञ्चालन गरेको उनको भनाइ छ । 'ग्राहकका घरमा राखिएका मीटर रिसिलिङ, बक्यौता नतिर्ने तथा कालोसूचीमा रहेका ग्राहकको लाइन काट्ने, छड्के मीटर रिडिङ गर्ने, हुकिङबाट हुने चोरी नियन्त्रणका लागि नियमित अनुगमन गर्ने गरेका छौं', उनले भने ।

वितरण केन्द्रले स्थानीय तह र प्रहरी प्रशासनको सहयोगमा विद्युत चोरी गर्नेलाई कारबाही गर्दै आएको उनले बताए । केही दिन अघि मात्रै विद्युत चोरी गर्ने १० जनालाई पक्राउ गरी दण्ड जरिवाना गरेर छाडिएको कार्यालय प्रमुख यादवले बताए ।

विद्युत चोरी गर्नेलाई पक्राउ गरी कारबाही गर्न थालिएपछि एकातर्फ विद्युत चोरलाई गरिने दण्ड जरिवानाबाट राजश्व संकलनमा वृद्धि भएको छ भने अर्कोतर्फ विद्युत चोरीमा समेत कमी आएको नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र मौलापुरले जनाएको छ ।

# प्रादेशिक अस्पताल सिरहाले ब्लड बैंक सञ्चालन गर्ने

**टुडे समाचारदाता**

सिरहा । प्रादेशिक अस्पताल सिरहाको सञ्चालन तथा व्यवस्थापन समितिले अस्पताल हाताभित्र ब्लड बैंक सञ्चालन गर्ने निर्णय गरेको छ ।

ब्लड बैंक सञ्चालन गर्न निर्माण भएको भवन अर्कै काममा प्रयोग हुँदा जीर्ण हुन लागेको हुनाले त्यसको सुधार गरी ब्लड बैंक सञ्चालन गर्ने समितिले निर्णय गरेको छ ।

ब्लड बैंक सञ्चालन गर्ने भनेर उपलब्ध गराइएको भवनमा रेडक्रस सोसाइटी शाखा सिरहाले अर्कै काममा प्रयोग गर्दै आएको प्रादेशिक अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष सोहिन्द्र प्रसाद यादवले जानकारी दिए ।

उनले करिब १५ वर्ष अघि केही व्यक्तिको प्रयास र पहलमा ब्लड बैंक सञ्चालन गर्न रेडक्रसलाई भवन उपलब्ध गराएको थियो । तर रेडक्रस सोसाइटी शाखा सिरहाले ब्लड बैंक सञ्चालन गर्न नसक्दा अस्पतालले आवश्यकतालाई ध्यानमा राखेर हाताभित्रै रहेको भवनमा आउने केही दिनभित्र ब्लड बैंक सञ्चालन गर्ने भनी निर्णय गरेको उनले जानकारी दिए ।

केही वर्षअघि रेफर सेन्टरको रुपमा रहेको जिल्ला अस्पतालको अवस्थालाई सुधार गर्दै अघि बढ्दा प्रादेशिक अस्पताल बन्न सफल भएको प्रादेशिक अस्पताल सिरहाका प्रमुख डा.नागेन्द्र प्रसाद यादवले बताए । बिरामी राम्रो उपचार गर्दै जाँदा पहिलाको भन्दा चार गुणा बिरामीको संख्या र अस्पतालको अवस्थामा सुधार आएको उनले बताए ।

डायलिसिस सेवा, सुत्केरीको व्यवस्थित सेवा र विभिन्न खाले अप्रेसनका सेवाहरू विस्तार गरिएको हुँदा ब्लडको अत्यावश्यक पर्ने गरेको उनले बताए । उनका अनुसार ब्लड बैंक नहुँदा कतिपय अवस्थामा यस्ता सेवाहरुमा असर पर्ने गरेका छन् ।

# विद्यालयको समस्या समाधानका लागि ध्यानाकर्षण

**टुडे समाचारदाता**

राजविराज । जनता शंकर मा.वि.नर्घो स्कुलमा विद्यमान दरबन्दी सम्बन्धी विवादको समाधान गर्न सरोकारवालाहरुले सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएका छन् ।

सोमबार सरोकारवालाहरुले विभिन्न ६ बुंदे मागसहित विद्यमान समस्यहरुको समाधान गर्न सम्बन्धित निकायको पहलका लागि आग्रह गरेका छन् ।

उनीहरुले गौरवमय इतिहास बोकेको विद्यालयमा दरबन्दी सम्बन्धी विवाद, र राजनीतिक चलखेल बढ्दै गएको प्रति चिन्ता व्यक्त गरेका छन् ।

सरोकारवालाहरुले विद्यालयमा विगतमा भएको दरबन्दी सम्बन्धी निर्णय बदर गरी नक्कल उपलब्ध गराउनु पर्ने, विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा लोकतान्त्रिक प्रक्रियाबाट पुनः चयन गर्नुपर्ने, एसईई पास भएका विद्यार्थीको प्रमाणपत्र वितरण सहित नियमित पठनपाठन तथा समयमा परीक्षा



सञ्चालन गर्नुपर्ने, स्कुलमा कमी रहेको डेस्क बेन्च पूर्ति गरी उभेर पढ्ने प्रवृति अनत्य गर्नुपर्ने, वर्तमान प्रअलाई आर्थिक जिम्मेवारीसहित सञ्चालन गर्न दिनुपर्ने र दरबन्दी नभएका ठाउँहरुमा भोलेन्टियर शिक्षकको व्यवस्था गर्नुपर्ने मागसहितको ध्यानाकर्षण गराएका छन् ।

ई.अशोक कुमार साह, दाता राम चन्द्र यादव, कृष्णदेव यादव, कपूरी देवी यादवलगायतका बाह्र जनाले जिल्ला प्रशासन कार्यालय, सप्तरी, जिल्ला विकास तथा समन्वय इकाइ, सप्तरी, वडा कार्यालय राजगढ, गाउँपालिका कार्यालय राजगढलाई ध्यानाकर्षण गराएका छन् ।

उनीहरुले १५ दिन भित्र आफूहरुको माग पूरा नभए चरणवद्ध रुपमा आन्दोलन गर्ने चेतावनी समेत विज्ञप्तिमार्फत दिएका छन् ।

# पूर्व अध्यक्षसहित दश जनाविरुद्ध मुद्दा दर्ता

**टुडे समाचारदाता**

जलेश्वर । सोनमा गाउँपालिकामा भएको घट्नाका आरोपमा महोत्तरी प्रहरीले पुर्वअध्यक्ष सहित दश जना विरुद्ध मुद्दा दर्ता गरेको छ ।

प्रहरीले पूर्व अध्यक्ष राजकुमार यादव, वडा नं. १ का वडाध्यक्ष अशोक यादवसमेत दश जना विरुद्ध मुद्दा चलाएको जिल्ला प्रहरीले जनाएको छ ।

प्रवक्ता दिलीपकुमार गिरीकाअनुसार आपराधिक प्रवेश र आपराधिक उपद्र सम्बन्धी कसुरमा मुद्दा चलाइएको छ । मुद्दा दर्ता गरिएकामध्ये सोनमा १ का रामप्रसाद पासवान, उपेन्द्रकुमार साह, राकेश राम, नैजामुद्दीन अन्सारी, महेशकुमार, राम केबल राय र वडा नं. २ का ललिन्द्र यादवसहित ७ जनालाई प्रहरीले घटना स्थलबाटै नियन्त्रणमा लिइ सकेको छ । पूर्व गाउँपालिका अध्यक्ष राजकुमार यादव, वडाध्यक्ष अशोक यादव र वडा नं. १ का शैलेन्द्र यादवविरुद्ध पक्राउ पुर्जी जारी गरी खोजतलास भइरहेको उनले बताए ।

# एक वर्षमा तेत्तीस सय मुद्दा फछ्र्यौट

**टुडे समाचारदाता**

सर्लाही । जिल्ला अदालत सर्लाहीले गत आर्थिक वर्ष २०७९/०८० मा तीन हजार २८६ मुद्दा फछ्र्यौट गरेको छ ।

अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा दुई हजार ३६० मुद्दा जिम्मेवारी सरेर आएको थियो भने आर्थिक वर्ष २०७९/०८० मा तीन हजार १७१ नयाँ मुद्दा दर्ता भएका थिए । जिम्मेवारी सरेर आएको र नयाँ दर्ता भएको समेत गरी पाँच हजार ५३१ मुद्दामध्ये गएको आर्थिक वर्षमा ५९ दशमलव ४१ प्रतिसत अर्थात् तीन हजार २८६ मुद्दाको किनारा लागेको छ ।

फछ्र्यौट हुन बाँकी दुई हजार २४५ मुद्दा चालु आर्थिक वर्ष २०८०/०८१ मा जिम्मेवारी सरेर आएको सर्लाही जिल्ला अदालतले जनाएको छ ।

जिम्मेवारी सरेर आएको दुई हजार २४५ मुद्दामध्ये एक हजार १२७ मुद्दा छ महिनाभित्र दर्ता भएका, ४३७ मुद्दा छ महिनादेखि १२ भित्र दर्ता भएका, २९८ मुद्दा एक वर्षदेखि १८ महिनाभित्र दर्ता भएका, २२३ मुद्दा १८ महिनादेखि दुई वर्षभित्रका र १६० मुद्दा दुई वर्ष नाघिसकेका छन् ।

सर्लाही जिल्ला अदालतका श्रेस्तेदार सदन अधिकारीले देवानी प्रकृतिका लेनदेन, अंश, सम्वन्धविच्छेदलगायत मुद्दा तुलनात्मक रुपमा धेरै दर्ता हुने गरेको जानकारी दिए । उनका अनुसार अदालतमा अहिले छ जना न्यायाधीश कार्यरत छन् ।

कोही न्यायाधीश बिदामा बसेको समयबाहेक छवटै इजालास नियमित चल्छ । श्रेस्तेदार अधिकारीले कार्यालयमा अधिकृतस्तरका कर्मचारीको भने अभाव हुँदा नियमित कार्य सम्पादनमा अप्ठ्यारो पर्दै आइरहेको जनाए ।

# सांस्कृतिक जनमत संघ केन्द्रीय समितिको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । जनमत पार्टीले सांस्कृतिक जनमत संघको केन्द्रीय



संयोजक समिति घोषणा गरेको छ ।

जनमत पार्टीले सांस्कृतिक जनमत संघको केन्द्रिय समितिको संयोजकमा संतोष राज सहनीलाई जिम्मेवारी दिएको छ ।

त्यसैगरी सहसंयोजकमा सेलिना कुँवर, सचिन पटेल, अरुण कान्त यादव , सचिवमा बन्दे प्रसाद साह ,सहसचिवमा नितु पटेल, विमल साह, राम नरेश सहनी रहेका छन भने कोषाध्यक्षमा तनुजा चौरसिया रहेकी छन् ।

कार्यक्रममा पार्टीका राष्ट्रिय अध्यक्ष डा.सीके राउत, राष्ट्रिय सचिव तथा मधेश प्रदेशका सांसद संजय यादव, कोषाध्यक्ष सुरेन्द्र नारायण यादव, राष्ट्रिय प्रवक्ता डा.शरद सिंह यादव, चिकित्सक जनमत संघका केन्द्रीय संयोजक डा.सीके सिंह, नेता आर के राउत र पार्टीकी महिला नेत्री सरिताश्री ज्ञवालीको उपस्थित रहेको थियो ।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी सयौं नेताकार्यकर्ता र कलाकारहरु जनमत पार्टीमा प्रवेश गरेका थिए ।

# चिनियाँ राजदूतको विरूद्धमा नाराबाजी

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय एकता अभियानले नेपालका लागि चिनियाँ राजदूत छन सोङको विरूद्धमा नाराबाजी गर्दै काठमाण्डुमा ऱ्याली निकालेको छ ।

प्रदर्शनकारीले चिनियाँ राजदूतलाई फिर्ता गर, आन्तरिक मामिलामा हस्तक्षेप बन्द गर, ऋणजाल चाहिँदैन, देश डुबाउन पाईंदैन जस्ता नारा लगाएका थिए । अभियानका केन्द्रीय संयोजक विनय यादवको नेतृत्वमा निकालिएको ऱ्याली बबरमहलबाट नयाँ बानेश्वर पुगेर कोणसभामा परिणत भएको थियो ।

संविधानसभा सदस्य एवम अभियानका वरिष्ठ नेता बीपी यादवले चीनले तिब्बत र ताइवानजस्तै नेपाललाई उपनिवेश बनाउन खोजेको आरोप लगाए । उनले नेपाल-चीन सम्बन्ध बढाउनु भन्दा पनि नेपाललाई कसरी ऋणको जालमा फसाउने भन्ने विषयमा चिनियाँ राजदूत बढी सक्रिय रहेको आरोप लगाए ।

चिनियाँ राजदूत सोङले नेपाललाई भारतसँगको आर्थिक सम्बन्ध घटाएर चीनसँग थप घनिष्ठ हुन सुझाव दिनु अशोभनीय रहेको बताए । नेता यादवले चिनियाँ राजदूतको भनाइले नेपालको आन्तरिक मामिलामा चीनले हस्तक्षेप गर्दै देशको राष्ट्रिय स्वाधीनतालाई खतरामा पारेको थपे ।

उनले यस विषयमा नेपाल सरकारले कडा कदम चाल्दै चिनियाँ राजदूतलाई फिर्ता पठाउन माग समेत गरे ।

अभियानका महासचिव डा. प्रभात कुशवाहाले ऱ्यालीको उद्देश्य चिनियाँ राजदूतको विवादास्पद अभिव्यक्तिको विरोध गर्दै नेपाल सरकारलाई चीनसँगको सम्बन्ध पुनरावलोकन गर्न आग्रह




गरे । उनले नेपालले चीनको आर्थिक र राजनीतिक प्रभावबाट जोगिन र भारतसँगको परम्परागत सम्बन्धलाई बलियो बनाउनुपर्ने बताए ।

ऱ्यालीमा सहभागी अन्यले पनि चिनियाँ राजदूतको भनाइको निन्दा गर्दै उनलाई फिर्ता पठाउन नेपाल सरकारसँग माग गरेका थिए । उनीहरूले चीनले नेपाललाई उपनिवेश बनाउने र देशको स्वाधीनतालाई खतरामा पार्न खोजेको बताए ।

ऱ्यालीमा अभियानको महिला संयोजक रीता साह, मधेश सम्पर्क समिति काठमाण्डुका संयोजक बिनोद सिंह, सल्लाहकार जयनारायण यादव, अभियानका यूवा नेता धीरज गिरी, राष्ट्रिय विद्यार्थी परिषद्का महासचिव पप्पु यादव, अभियानीहरू सूजन यादब, गणेशकुमार सिंह, चन्द्रमोहन सिंह लगायत सहभागी भए ।

चिनियाँ राजदूत सोङले सेप्टेम्बर ३, २०२३ मा एक सम्बोधनको क्रममा नेपालले भारतसँगको आर्थिक सम्बन्धलाई घटाएर चीनसँग थप घनिष्ट सम्बन्ध राख्न आवश्यक रहेको बताएका थिए । उनले नेपालले भारतसँगको व्यापार घाटा भोग्दै आएको र यसको उत्पादन क्षेत्र संकुचित हुँदै गएको बताए ।

उनले चीनबाट नेपालले आर्थिक विकासको पाठ सिक्नुपर्ने बताएका थिए ।सोङको भनाइको नेपालमा चौतर्फी आलोचना भइरहेको छ । धेरैले उनलाई नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेको र देशको स्वाधीनतालाई खतरामा पारेको आरोप लगाएका छ्न ।

# सर्लाहीमा भाइरल ज्वरोको संक्रमण बढ्दै

**टुडे समाचारदाता**

सर्लाही । केही दिनदेखि भाइरल ज्वरोको सङ्क्रमण सर्लाहीमा बढ्दै गएको छ ।

जिल्लाका प्रत्येकजसो निजी तथा सरकारी स्वास्थ्य संस्थामा उपचारका लागि पुग्ने भाइरल ज्वरोका बिरामी बढ्न थालेको देखिएको छ ।

निरन्तर एक साता पानी परेर मौसममा परिवर्तन आएपछि जिल्लाभर नै भाइरल ज्वरोको सङ्क्रमण तीव्र रुपमा फैलिएको चिकित्सकहरुले जनाएका छन् ।

सत्यलोक आयुर्वेदिक क्लिनिक नवलपुरका डाक्टर देवेन्द्रकुमार झाले हिजोआज उपचारका लागि आउने बिरामीमध्ये अधिकांश भाइरल फिभर (सरुवा ज्वरो) का बिरामी हुने गरेका बताए । त्यस्ता बिरामीमा घाँटी दुख्ने, कमजोरी महसुस हुने, उच्च ज्वरो आउने जस्ता लक्षण देखिने गरेको उनले बताए ।

जिल्लाको लालबन्दी, नवलपुर, हरिवन, बागमतीलगायतका निजी तथा सरकारी स्वास्थ्य संस्थामा दैनिक १० देखि १५ जनासम्म भाइरल ज्वरोको सङ्क्रमण भएका बिरामी उपचारका लागि पुग्ने गरेको बताइएको छ । अन्य ठाउँको तुलनामा पूर्व-पश्चिम राजमार्गमा पर्ने नवलपुर र हरिवनका निजी स्वास्थ्य संस्थामा बिरामीको चाप बढी देखिएको छ ।

प्रादेशिक अस्पताल मलङ्गवाका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डाक्टर नवलकिशोर झाले भाइरल फिभरको विवरण आउन बाँकी रहेको बताए । डाक्टर झाका अनुसार जिल्लाभर डेङ्गु सङ्क्रमित भने बढिरहेका छन् ।

स्वास्थ्य कार्यालय मलङ्गवाका अनुसार जिल्लाभर डेङ्गुका ६१ जना सङ्क्रमित छन् । चिकित्सकले डेङ्गु तथा भाइरल ज्वरोबाट बच्न घर वरपर लामखुट्टे बस्न नपाउने गरी सरसफाइ गर्न, सङ्क्रमित भएका व्यक्ति अन्य व्यक्तिसँग सम्पर्कमा नरही टाढै बसेर आराम गर्न, पोषिलो खानेकुरा प्रशस्त खान, चर्को घाम लागेको बेला सकेसम्म घरभित्रै बस्न र स्वास्थ्य सावधानीका अन्य उपाय अपनाउन आग्रह गरेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८